# बुद्धको अर्थनीति



लेखकहरू :

**भिक्षु अश्वघोष**

**भिक्षु कुमार काश्यप**

# बुद्धको अर्थनीति




*लेखकहरू :*

**भिक्षु अश्वघोष**

*(अग्गमहासद्धम्म जोतिकधज)*

**भिक्षु कुमार काश्यप**

*(अग्गमहासद्धम्म जोतिकधज)*

*प्रकाशक :*

**भिक्षु अश्वघोष**

संघाराम विहार

ढल्को, काठमाडौं

फोन नं. ४२५९११०

प्रथम संस्करण : १००० प्रति

बुद्ध सम्बत् : २५५५

नेपाल सम्बत् : ११३१

बिक्रम सम्बत् : २०६८

ईश्वी सम्बत् : २०११

*पेज ले-आउट:*

अन्नपूर्ण तुलाधर, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला

मुद्रण : **न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०

*व्यापारिक कार्यालय:* शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२

# सम्पर्ण



kHo u?j/ cd[tfgGb dxf:ylj/sf]
k0o:d[tdf

# प्रकाशकीय

यस पुस्तकको नाउँ “**बुद्धको अर्थनीति**” हो । साधारण मानिसले यस पुस्तकमा उल्लेख भएको अर्थ शब्दको माने (अर्थ) धन भन्ने बुझ्दैन रहेछ । अर्को भाषामा भन्ने हो भने ‘अर्थनीति’को मतलब मानिसको जीवनसित घनिष्ट सम्बन्ध भएको खाने, बस्ने ठाउँ बिछ्यौना र बिरामी हुने बेलामा चाहिने औषधीको व्यवस्था हुनु अर्कोथरी भन्ने हो दैनिक जीवनयापन गर्नेलाई चाहिने आधारभूत आवश्कताको पूर्ति हुनुपर्ने बुद्धले भन्नु भएको कुरा हो ।

यो पुस्तक हामी दुईजना मेरो साथी कुमार काश्यप र म मिलेर संयुक्त रूपमा लेखेको हो । आफ्नो मातृभाषा नेवार भाषामा २०२० सालमै लेखेका थियौं । प्रथम संस्करण नयाँसडकमा बस्ने सूर्यमायाँ मानन्धरले प्रकाशित गर्नु भएको थियो र द्वितीय संस्करण शाक्य प्रेसको आर्थिक सहयोगमा धर्मकीर्ति अध्ययन गोष्ठीद्वारा २०३४ मा प्रकाशित भएको थियो ।

म २०२८ मा भोजपुर गएको थिएँ। लालधन शाक्यलाई भेट भयो। उहाँलाई मैले ‘बुद्धको अर्थनीति’ पुस्तक उपहार स्वरूप दिएँ। लालधन शाक्यले तुरून्तै नेपालीमा अनुवाद गरिदिनु भयो । तर उहाँले पूरा पुस्तक अनुवाद गर्नुभएन। जस्तै मार्ग प्रदर्शक गौतम बुद्ध, अपराध कसरी उत्पन्न भयो, बुद्धको अन्तिम उपदेश । किन कि ती विषय अर्थनीति सम्बन्धित विषय थिएन ।

म एउटै ठाउँमा नबस्ने मान्छे । त्यसले गर्दा श्री लालधन शाक्यले अनुवाद गर्नुभएको “**बुद्धको अर्थनीति**” पाण्डुलिपि कापि नै हराएको थियो ।

हालैमात्र संघाराम विहारमा मेरो केही पुस्तक र हस्तलिखित कापिहरू खोज तलास गर्दा श्री लालधन शाक्यले अनुवाद गर्नुभएको पाण्डुलिपि फेला पारें । खुब खुसी भएँ ।

श्री लालधन शाक्य दिवंगत हुनु भएको धेरै वर्ष भैसक्यो । उहाँ जीवित छँदा प्रकाशित गर्न सकेन । तसर्थ मलाई पश्चाताप लागेको छ । तैपनि अहिले मैले आफूले प्रकाशित गर्न मन लाग्यो । त्यसले घाउमा मलहम लगाउने काम हुन्छ कि ?

अहिले मेरो **गुरुवर पूज्य अमृतानन्द महास्थविरको २१ औं गुणानुस्मरण** दिवसको पुण्यतिथिमा छाप्न पाउँदा हर्षको अनुभव भइरहेको छ । मेरो साथी कुमारकाश्यम पनि अस्वस्थ हुनुहुन्छ । हामी दुवै मिलेर लेखेको हुँदा, यो पुस्तक फेरि प्रकाशित भएको देख्दा उहाँ पनि सन्तुष्ट हुनुहुन्छ होला । यही पुण्यले उहाँको स्वास्थ्य छिटो लाभ होस्, निरोगी होस् भने कामना गर्दछु । साथै आफ्नै बुद्ध विहारमा राखी कुमार काश्यपको सेवा गरिरहनु भएको मेरै शिष्य कोण्डन्य पनि निरोगी होस् । प्रुफ विहारसम्म पुऱ्याउनु भई राम्रो छापिदिनु भएकोमा ‘न्यू नेपाल प्रेस’लाई धन्यवाद छ ।

संघाराम, ढल्को **भिक्षु अश्वघोष**

३१ श्रावण २०६८

# गौतम बुद्धको महत्व

आज कहीं विश्व शान्ति सम्वन्धी सम्मेलन भयो भने त्यहाँ गौतम बुद्धको नाम कसैले भएपनि अगाडि नराखी छाडदैन । गौतम बुद्ध एक अग्रशान्ति दूत भनी विश्व इतिहासमा समावेश भै सकेको छ । तर अन्तर्राष्ट्रिय शान्ति सम्मेलनमा गौतम बुद्धको चर्चा हुँदैमा नै वहाँको जीवनी र उपदेश अध्ययन नगरी वहाँ शान्ति दूत हुन् त्यस्तै बुद्धको सन्देश पनि श्रेष्ठ हो भनी आँखा चिम्लेर विश्वास गरेर बस्नमा बुद्धि मानिता देख्न सकिन्न ।

एउटा अनौठो कुरो त त्यो छ– बुद्धोपदेश पालि त्रिपिटक अध्ययन गरेरहेर्दा नभएको कुरा केही छैन जस्तो लाग्छ राजनीति, समाजसेवा, आर्थिक पक्ष, दार्शनिक विचारको साथ साथै नैतिक विचार झन बढी मात्रा उच्चकोटीको देखिन्छ । हामीलाई त पालि त्रिपिटक अध्ययन गर्दैलैजाँदा त्यतिनै झन रसस्वाद भएर आउँछ जति कि

श्रृखण्डको वृक्ष काट्दै लैजाँदा सुगन्ध बढी भएर आउँछ त्यसैले प्रस्तुत किताब गौतम बुद्धको समाजसेवा र आर्थिक सन्देह संग्रहको रूपमा पाठकहरू समक्ष प्रस्तुत गरेको छु ।

हामीले गौतम बुद्धको उपदेश तिर ध्यान राख्नको साथ साथै सिद्धार्थ कुमार र गौतम बुद्धको विचार धारा तिर पनि ध्यान राखी विचार गर्न योग्य छ, मतलव बुद्धोपदेशको उदारताद्वारा नै वहाँको महत्व जान्न सकिन्छ ।

वहाँको सर्व प्रथमको घोषणा हो "मानव मानवको बीच कोही भेद भाव छैन, सबै समान हो । न जन्मैले कोही नीच हुन्छ न जन्मै देखि कोही ब्राह्मण । कर्मले हुन्छ नीच त्यस्तै कर्मैले हुन्छ, ब्राह्मण । भन्नु भएको पनि छ- **न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो । कम्मना वसलो हो ति कम्मना होति ब्राह्मणो** दोश्रो वहाँको घोषणा हो जीवन मुक्ति प्राप्त गर्नलाई देवताको भरोसामा न वस, आफ्नो नाथ आफै हो । भन्नुभएको छ "अत्ताहि अत्तनो नाथो" अर्थात आफ्नो मालिक आफै हो, आफ्नो खुट्टाले आफै उभिनु पर्छ ।

अर्को वहाँको घोषणा हो- केगर्नु कर्मैमा छैन भनी मात्र कर्मलाई दोष दिएर चूप लागेर न वस, उत्साह र प्रयत्न गरेर लैजाऊ, कर्ममा नभएको पनि भएर आउँछ । कर्मलाई दोष दिएर वस्यो भने कहिल्यै पनि मानिस उँभो लाग्न सक्तैन ।

वहाँको महानताको लक्षण यो पनि हो- मैले जे भने पनि विना आफ्नो स्वतन्त्र विचारबाट विदित नभए सम्म यो

सत्य नै हो भनेर विश्वास गर्नु पर्दैन, चाहे मेरो कुरा बाजे बराज्यूहरूको पाला देखि नै भइ आएको प्रचलनमा मिलेको किन नहोस ।

तथागतबाट यस्तो पनि आज्ञा भएकोछ- म कसैको मुक्तिको जिम्मेदारी लिन सक्तिन म त केवल मार्ग प्रदर्शक बाटो देखाउने हुँ । भन्नु भएको पनि छ– "**तुम्हेहि किच्चं आतप्पं अक्खा तारो तथागता**" अर्थात् काममात तिमीहरूले उत्साह गर्नु पर्छ, तगागतहरूत केवल मार्ग प्रदर्शक मात्र हो । केवल वहाँबाट आज्ञा भएको छ कुवाटोवाट गएमा नराम्रो ठाउँमा पुगिन्छ, सुबाटोबाट गएमा अशल ठाउँमा पुगिन्छ ।

गौतम बुद्धको महत्व बारे यहाँ उल्लेख गरिएको त विन्दु मात्र हो । तैपनि यति नै पर्याप्त जस्तो लाग्छ बुद्धको महत्व जान्नलाई । ❀

# सिद्धार्थको गृह त्याग

सिद्धार्थ कुमार बचपन देखिनै चिन्तन शील, गम्भीर स्वभावको हुनु हुन्छ साथ साथै दार्शनिक पनि । राजा शुद्धो दनलाई महामाया विवाह गरी २० वर्ष पछि भएको एक्लो छोरो सिद्धार्थ हो । बरोवर नै उदास तथा चिन्तनशील स्वभाव देखेर शुद्धोदनले सिद्धार्थको नरमाइलो हटाउन निमित्त नगरेको प्रयत्न केही छैन; गर्मीमा सुविस्तासाथ बस्न शीतल महल, जाडो मा न्यानो संग बस्न हुने, उष्ण महल, बर्षामा पनि बसन्त समान रहर लाग्दो भैरहने वासन्ती महल जस्ता तीनवटा महल बनाई दिए तर सबै ब्यर्थ भयो । यशोधरा जस्ती रमणी विवाह गरिदिए, एउटा मात्र एक्लो छोरो (राहुल) भैसके पछि पनि त्यस्तो विशाल राज्य वैभवलाई थूक फ्याके जस्तै त्याग गरी सिद्धार्थ कुमार छोडेर जानु भयो ।

धेरैको कल्पना र भनाई छ सिद्धार्थ कुमारले गृहत्याग गरेको, रोगी, बुढा, मुर्दा र प्रव्रर्जित (भिक्षु) देखेर भन्ने छ । साँचैको कुरात केवल उक्त चारवटा निमित्त मात्र देखेर राज्य छाडी जानु भएको होइन जस्तो लाग्छ । वहाँको जीवनको घट्ना र उपदेश हेर्दा समाजको भयंकर विषमता र संघर्ष देखेर दुःखमय जीवन सुखमय गर्ने मार्ग अन्वेषण गर्नलाई नै गृह त्याग गरेर जानुभएको हो भनी विचार गर्ने ठाउँ प्रशस्त छ ।

बौद्ध साहित्यमा बुद्ध कालीन समाजको ऐना राम्ररी देखाई राखेको छ । त्यस बेलाको समाज उँच, नीच, धनी, गरीब खप्न नपाई मर्नु न बाँच्नु भइरहेकाहरू धेरै मात्रामा थिए । एकातिर नारीहरूको जीवन साह्रैनै दयनीय भई समाजमा ठाउँ नभैरहेको अवस्था थियो । यस्तो असमानता र दुःखमय समाज देखेर राज्य वैभव देखी सिद्धार्थलाई वाक्क लागेको मात्र होइन साथै घृणा पनि भयो । सिद्धार्थ कुमार एउटा राजा भएर जनताको बीच गई जन सेवा गर्न तत्कालीन समाजमा असम्भवको कुरो हो भन्दा अतिशयोक्ति न होला । हुनत बुद्ध परिनिर्वाण भएर २१८ वर्ष पछि सम्राट अशोकले सच्चा जनसेवक भएर राजा प्रजाको निमित्त हो भन्ने प्रमाण शीला स्तम्भमा अकित गरेर जानु भयो ।

सिद्धार्थको बचपनको जीवनी एकपटक अध्ययन गरौं अनिमात्र वहाँको हृदय पवित्र र स्वच्छ हो होइन राम्ररी जान्न

सकिन्छ । एकदिन सिद्धार्थकी धाइआमाले आफ्नो बालक पनि दरवारमा साथै ल्यायो, जुन बालक सिद्धार्थ जन्मेकै दिन जन्म भएको हो । ती धाईले त्यो बालकलाई सिद्धार्थको अगाडि राखेर भनिन्– तिमी ठूला भए पछि (बढेपछि) तिमीले राजकुमारको चाकडी गर्न पाइन्छ । तिमीले आफ्नो मालिक राजकुमार हो भनी जानी राख । सिद्धार्थ आफ्नो दौतरी समवयस्क बालकको मुख हेरेर हाँसिरहनु भयो । मनमा राख्यो– मलाई खेल्नलाई एक जना साथी चाहि राखेको छ ।

सिद्धार्थ– आऊ यहाँ, मसंग खेल्न आऊ ।

धाई आमा– राजकुमार यो एक जना नोकरानीको छोरा तपाईं एउटा राजकुमार ।

सिद्धार्थ- हामी दुवै साना बालक हौं, आऊ, हामी खेलौ भनी सिद्धार्थले आफ्नै तालले भनी रह्यो ।

धाइ आमा– होइन राजकुमार, तपाई नोकरको बच्चा संग खेल्न हुँदैन तपाईंले राजकुमारको दर्जा पनि राख्न जान्न हुन्न ? दर्जा ! के भनेको म केही जान्दिन भनी सिद्धार्थ हाँसिरह्यो ।

अर्कि धाईआमा– बढेपछि थाहा हुन्छनि !

ती धाईको छोरा– आमा मलाई त्यो घोडा लिइदिनुस न भनी पिरिरह्यो (जिद्दि गरिरह्यो) ।

रातो कि सेतो, कुन चाहि घोडा हँ भनी सिद्धार्थले सोध्यो ।

उ त्यो रातो चाहि घोडा भनी धाईको बालकले माग्यो। धत्, यहाँ तैले केही माग्न हुँदैन अलछिना केटो चूप लाग भनी आमा चाहिले हक्कारी।

तिमीलाई चाहेको त्यही रातो घोडा हैन, ला भनी सिद्धार्थले दिइ हाल्यो।

हुन्न ! हुन्न !! त्यस्लाई दिन हुन्न भनी एउटी धाईले रोकी रही।

फेरि अर्को धाइले भनिन– राजकुमार, केटाको बानि बिगारी नवक्सियोस्, पछि यो केटोले तपाइँको टाउकोमा टेक्न खोज्छ।

सिद्धार्थ– तिमीहरूले मलाई मेरो आफ्नो कुनै चीज कसैलाई नदिन भनी सिकाउन खाजेको ?

धाइ– यो तपाईको खिलौना हो राजकुमार।

सिद्धार्थ– यसो किन, मैले दिइसकेको वस्तु कसैले लिन पाउँदैन, यसो भनी रातो चाहिं घोडा त्यो केटोलाई दिइछाडे। झन गाडा एक जोड बढ़ता दिएर पठायो।

कस्तो देउता जस्तो राजकुमार भनी मन मनै आशिष दिदै धाई र बालक दुवै खुशी भए।[१]

पछि बसन्त महीनामा शुद्धोदनले सिद्धार्थलाई बाहिर घुमाउन लगे। एक ठाउँमा एकजना कृषकले खेत खनिरहेको थियो। त्यहाँ सिद्धार्थले ध्यान पूर्वक हेरिरह्यो। त्यहाँ पंक्षि

१ Siddharthe Harindranath Chattopadyaya

एउटा कहाँ कहाँबाट उडेर आई कृषकले फालेको माटोमा देखिएको कीरा फट्यांग्रा चुच्चोले ठुँगेर लगे ।[1]

फेरि एकपटक बगैंचामा डुल्न जाँदा एउटा छिपारोले पुतली निलीरहेको, देख्यो । छिपारो लाई भ्यागुताले निली रहेको, भ्यागुतालाई साँपले निलीदियो । फेरि अर्को ठाउँमा सर्पलाई न्याउरीमुसाले शिकार गरिरहेको देख्यो ।[2] यो घटनाले सिद्धार्थको मनलाई अर्कै तिर मोडिदियो । सिद्धार्थले विचार गऱ्यो, अहो !! बलियाले दुब्लाई शिकार गर्ने ! यस्तै बाहिर घुम्न जाँदा दरवार देखि बाहिरको जीवनको ऐना पनि सिद्धार्थ कुमारले छर्लङ्ग देख्यो । खेत खनिरहेका कृषकको जिउमा पनि केही (लुगा) छैन, शरीर जम्मै कालो घामले डढिसकेको थियो ।

सिद्धार्थ कुमारले मनमा राख्यो– के मैले यो राज्य छोडेर एउटा नयाँ मार्ग पैल्याउन नसकुँला । त्यही नयाँ मार्ग खोज्नको निमित्त सुटुक्क तपोवन जान्छु भनी अभिनिष्क्रमण भएको सिवाय एक्लै संसारबाट अलग भएर बस्नलाई होइन । शायद् रूढीवादीहरूलाई र दार्शनिकहरूलाई यो कुरा चित्त नबुझ्ला । यदि सिद्धार्थ कुमारले रोगी, मृतक, वृद्ध र प्रव्रजित देखेर डराएर वैराग्य भइ निकलेर गएको भए, समाजको विषमता, असमानता र आर्थिक दुर्दशा सुधार गर्नलाई वहाँले कुनै बाटो नदेखाएको भए बुद्ध महामानव

१ The Buddhist Bible
२ The Light of Asia

भन्न उचित देख्दिन । बुद्ध एउटा साधारण मानिस मात्र हुन्थ्यो । विश्व शान्तिको निमित्त शुद्ध धर्मको आवश्यकता छ वेद पारंगत भैरहेका विद्वान राजकुमारलाई त बुढा हुनु, रोगी हुनु र मर्नु पर्दछ भने केही कुरा नजान्ने बालक गरिदिएको छ ।

हुनत साधारण राजकुमारहरूले दुःख भनेको के कुरो हो, जान्दैन, रोगी हुन्छ र मर्नुपर्दछ भन्ने कुरा पनि थाहा नहोला; तर सिद्धार्थ कुमार एक असाधारण राजकुमार हुनुहुन्छ । बालक कालदेखिनै दार्शनिक विचारको । सिद्धार्थ कुमारलाई बचपनदेखि नै रोगीहरू, बुढाहरू कोही संग भेट्न दिइदैनथ्यो । तर शुद्धोदन राजाको विवाहको २० वर्ष भए पछि मात्र सिद्धार्थ जन्मेको हो भन्ने कुरा त बुद्ध जीवनी ग्रन्थमा छ । सिद्धार्थ कुमार २९ उनान्तीसवर्ष भएपछि मात्र राज्य दर्वार त्यागेर जानु भएको । अब कल्पना गरौं शुद्धोदन र सिद्धार्थ पुत्र पिता दुवै उस्तै उस्तै होलाकि एक जना बुढा र एकजना युवक होला जस्तो छ ? यो कुरा विचारणीय छ । हो होइन कल्पना गरेर हेर्न लायक छ । चित्रकारहरूले रङ्गाएको तस्वीरमा त राजा शुद्धोदन ज्यादैनै बुढा देखिन्छ । केश सेताम्य भैसकेको र मुखको छाला पनि चाउरी परेको देखिन्छ । सिद्धार्थ जस्तै लायक युवक देखिँदैन ।

यहाँ पश्न गर्न सक्ला– यदि समाजको असमानता र आर्थिक विषमता मिटाउनलाई राज्य त्यागेर जानु भएको भए

किन तपस्या गर्न गएको त ? बुद्धत्व प्राप्ति पछि पनि किन गरीव उद्धार गर्न नगएको त ?

वहाँले तपस्या यसकारणले गर्नु भयोकि सामाजिक र आर्थिक सुधारको निमित्त अन्धविश्वास र धार्मिक भावना काँडा जस्तै भैरहेको ले, आज पनि काँडा जस्तै भैरहेको छ, यो कुरा हो होइन जान्नको निमित्त तपस्या गर्न भएको हो । शरीरलाई कष्ट दिएर तपस्या गरी दुःखवाट मुक्त हुन्छ भन्ने अन्ध भावना आफुले राम्ररी अनुभव गरेर, जानेर मात्र वहाँले अरूलाई उपदेश दिनु भएको । आफूलाई अनुभव नभएको कुनै कुरा पनि वहाँले भन्नु भएन

यसरी विचार गरेर हेर्दा त्यत्रो सुख वैभवमा हुर्केका राजकुमारले राज्य त्यागेर जानु केवल मानिस मात्रको जरा, व्याधि, मरण र प्रव्रजित रूप आदि हेतु लिएर आध्यात्मिक तिर धेरै कल्पना गरेर मात्र हो भनी धेरै को भनाई र विचार भएतापनि बचपन देखि नै दार्शनिक विचारको सिद्धार्थ कुमारले संसार देखी विरक्त भएको अर्कै नै भौतिक तिर पनि विस्तृत रूपले विचार गरेर राज्य त्यागेको हो भनी मनमा राख्ने कुरो अवश्यै पनि छ । पहिले माथि उल्लेख गरे अनुसार सिद्धार्थ कुमार जन्मेको बेला मानिसहरूको गरिवी र अज्ञानताले अनेक प्रकारको विपत्ति र रोगले ग्रसित भैरहेको थियो भन्ने कुरा पालिसाहित्यले भनिरहेकै छ । उता समाजमा अर्कै जाति भेद, धार्मिक अन्धविश्वास, हिंसा, देवभक्ति

अति हिंसावादी कट्टर धार्मिक पन्थी र क्रोध आदिले राज्य गरिरहेको थियो । एवं प्रकारले समाजको दुखितावस्था देखेर सारा संसार दु:खमय र संघर्षमयको घर भनी सिद्धार्थले मनमा राख्यो होला भन्ने कुरा विश्वास गर्ने ठाउँ प्रशस्त छ ।

त्यतिले पनि सन्तोष नभएर आलार कालाम आदि दार्शनिकहरूसंग वादविवाद गरेर पनि प्रयत्न गरी हेर्नु भो । अरू अरू पनि दार्शनिहरू भेटेर उनीहरूको मतानुसार शरीरलाई दु:ख दिएर छ वर्ष सम्म कठोर तपस्या गर्नु भो । परन्तु त्यसो गरेर पनि ज्ञान प्राप्त गरेर लिन सकेन । अनि वहाँले मनमा राख्नु भो यिनीहरूको मार्ग ठीक नभएको भएर नै बहुसंख्यक मानिसहरू कुवाटोमा परिर हेछ्न् । अत: शरीरलाई पीडा दिन नपर्ने, भोकै वस्न नपर्ने, मध्यम प्रतिपदाले युक्त भएको एकान्तमा स्वतन्त्र चिन्तनाको भावनामा बस्नु भयो । फलस्वरूप बुद्ध गयामा बोधिवृक्षको मुनि वहाँले दु:ख (सघर्ष) दु:खको कारण, दु:खको अन्त र दु:ख अन्त गर्ने बाटो आर्यअष्टाङिक मार्ग स्पष्ट संग बोध गर्नुभयो । यो चारवटा आर्यसत्य अववोध गर्ने वित्तिकै वहाँ बुद्धको नामले प्रख्यात हुनु भो ।

बुद्धत्व प्राप्त गर्ने वित्तिकै सारनाथमा गएर धर्मचक्र प्रवर्तन गरी के घोषना गर्नु भो ? भिक्षुहरू दुइटा अन्त सेवन गर्न छाडेर मध्यम मार्गमा जान प्रयत्न गर मतलव अत्यन्त

सुखी, भोग विलासी र दुःखी पीडित जीवन छोडेर बीचको बाटो । पूँजी पति धन कुवेरले सुखी विलासी जीवन भोगी बस्छ; उता गरीवले कष्ठमय जीवन । यस्तो प्रकाश गर्नु भएको आफ्नै अनुभवले हो भनी स्वीकार गर्न लाई त्यसवेला धेरैले हट्दैनथ्यो । त्यस्तै गौतम बुद्धले, संसारलाई देखाइदिनु भएको नयाँ सदाचार विधि मार्ग–[1]

सम्मादिट्ठी – ठीक जानी लिनु, (समझदारी)
सम्मा सङ्कल्प – ठीक कल्पना, (लक्ष्य)
सम्मा वाचा – ठीक कुरा गर्नु,
सम्मा कम्मन्त – ठीक काम,
सम्मा आजीव – ठीक जीविका,
सम्मा वायाम – ठीक उत्साह,
सम्मा सति – ठीक स्मरण (स्मृति) – होश ठीक हुनु
सम्मा समाधि – ठीक चित्त एकाग्रता,

यो आर्य अष्टाङ्गिक मार्ग मध्यम प्रतिपदाले युक्त भएको भएर जनप्रिय हुन गयो । यसदेखि बाहेक वहाँको असल ब्यवहारबाट र नयाँ सन्देशले समाजको दुर्वलता हटेर गएको राम्ररी देखिएकोले नै मानिसहरूको ध्यान वहाँको सिद्धान्त तिर आकृष्ट भयो । यसवारे यहाँ धेरै कारण भएता पनि एक दुइटा मात्र यहाँ प्रस्तुत गरे पुग्छ होला जस्तो लाग्छ ।

बुद्धले तृष्णा अथवा लोभ नराम्रो भन्नु भएको आफूले

---

१ एकायनो मग्गो

स्त्री, छोरा र घर गृहस्थ खेतादि त्याग गरी सकेर मात्र हो । त्यसैले तृष्णाको बारेमा वहाँले ब्याख्या गर्नु भएको कुरा अस्वीकार गर्न असजिलो छ । त्यस्तै क्रोध निकाल्न हुँदैन भन्नु भएको पनि देवदत्त आदिहरूले दिएको कष्ट- पीडा सहीसकी मात्र हो ।

अभिमान कमसल र अलाभदायक भन्नु भएको पनि नीच जातिहरू समक्ष भिक्षा गइसकेपछि देखाएर हो । यसरी नै जुनसुकै कुरामा पनि क्रियात्मक आदर्शवादी हुनु भएकोले मानिसहरूले वहाँको अनुसरण गर्न लाभदायक भन्ने जानेर लियो । बुद्ध धर्म छिट्टै प्रचार हुनुको कारण पनि विशेष गरेर वहाँको आदर्श बलले हो । ❀

# संघको स्थापना

अरू अरू पनि बुद्धले केवल बाटो मात्र देखाउनु भएको होइन समाजवादी संघको संगठन गर्नुभयो । वहाँले पहिले भिक्षुहरूलाई उपदेश दिनु भयो । यसरी किन वहाँले एउटा अर्कै मार्ग दर्शाउनु भयो ? धन र धनोपार्जन मार्ग वा पैसा बटुल्ने साधन ब्यक्तिगत भएको दोष मात्र होइन त्यस्ले गर्दा भैरहेको मानव समाजको हाहाकार तथा आर्थिक असमानता वहाँले स्पष्ट संग बुझ्नु भएको छ भन्ने कल्पना गर्ने ठाउँ छ । तृष्णा सबै दु:खको जड भन्ने र तृष्णालाई जडै देखि उखेली फ्याक्ना साथ दु:खवाट मुक्त हुन्छ भनी भन्नु भएको हो । तै पनि धनोपार्जन मार्ग सामूहिक वा राष्ट्रीयकरण गर्न तत्कालीन समाज अनुसार गर्न नसक्ने काम भएर आफै प्रव्रजित भएर संघको संगठन गर्नु भयो । यो गृहस्थ समाजलाई

नमुनाको निमित्त वहाँले यसो गर्नु भएको हो न कि एक्लै एक्लै भिक्षुहरूमात्र निर्वाण जानलाई । तर कट्टर धर्मवादी परम्परानुसारले त भिक्षु जीवन केवल आफू एक्लै मात्र निर्वाण हुनलाई हो । यो कुरा प्रव्रजित हुने बेला पढाउने पालि वाक्य (मंत्र) ले भन्छ । वास्तवमा त त्यसो होइन जस्तो लाग्छ । यही कुरामा मतभेद भएर हो महायान र हीनयान आदि बौद्ध सम्प्रदायको प्रादुर्भाव भएको

तगागतले जुन समाजको संगठन गर्नु भयो, त्यस्मा सबै जातिका मानिसहरूलाई बाटो खुल्ला छ । राजा देखि भीख मंगासम्म बेश्या देखि डाकु तक, सुद्र देखि ब्राह्मणतक सबै वहाँको समाज वा संघमा प्रवेश हुन सक्छ । त्यसो भनेर त्यस्मा ठूलो सानो, धनी गरीब, छुन हुने नहुने भन्ने केही भेद्भाव छैन; सबै समान । जस्तो कि गंगा यमुना (विष्णुमती, बाग्मती) सरभू आदि नदी समुद्रमा मिल्दछ, त्यस्तै नै तथागत द्वारा नव संगठित समाज पनि हो । त्यस्मा प्रवेश हुने सबै जाति हीन वर्गहीनहरू हो; जस्तै समुद्रमा एउटै मात्र नूनको रस छ, त्यस्तै बुद्धद्वारा संगठित समाजमा पनि एउटै मात्र रस हो विमुक्ति (निष्कलंक वा शान्ति) रस हो ।

वहाँको संघ समाजमा ब्यक्तिगत सम्पति छैन । छ त लगाउने वस्त्र, भिक्षा पात्र, कायबन्धन (पटुका), केश खौरने छुरा तथा सीयो धागो आदि । अरू जम्मै दानद्वारा प्राप्त हुने वस्तु संघिक (सामुहिक) हो । केही चीज कुनै भिक्षुलाई

चाहिएका संघ संग माग्नु पर्दछ, संघ जम्मा भइ बहुमतले वा धेरै जनाको इच्छानुसारले चीज बाँडिन्छ । शोषण पनि छैन । ब्यक्तिगत रूपले दिइने दानलाई भन्दा संघिक रूपले दिइने दानलाई बुद्धले बढी प्रशंसा गर्नु हुन्छ ।

यस्को मतलब यो होइन कि सबैले घरवार पति पत्नी छाडे भिक्षु भिक्षुणी बन्नै पर्दछ, अनि मात्र यस्तो समाज बनिन्छ वा आदर्श समाजको स्थापना हुन्छ । पहिल्यै माथि भनिसकिएको छ कि तथागतले गृहस्थ समाजलाई नमुनाको रूपमा समाजवाद संगै आएको संघ (उपभोगमा मात्र उत्पादनमा होइन) बनाउनु भएको हो । भिक्षु संघ स्थापनाको मतलव यो होइन कि सारा समाजलाई ब्रह्मचारी जीवन बनाइ दिन । तथागतले संघ स्थापना गरी क्रियात्मक रूपले सांघिक नियम पालन क्रम बनाइ व्यक्तिलाई भन्दा संघलाई पूर्णतया महत्व दिनु भएको छ । उदाहरणको लागि–

राजदरवारमा सानन्दपूर्वक बसिरहनु भएकी महा प्रजापति गौतमी, जस्ले बुद्धलाई लालन पालन पोषण गरी हुर्काउनु भयो, सानी आमा भएपनि आफ्नै छोरा सम्झेर विचार गरी राखेको, बुद्धलाई आफ्नै हातले चीवर (वस्त्र) एक जोडा तयार गरेर दिन्छु भन्ने निश्चय गर्नु भयो । अनि महारानी गौतमीले कपास लिन पठाई, राजदरवारमा बस्ने अनेक सखीहरुको सहयोग लिइ, आफैले कपास काटी कपडा बुनी चीवर वस्त्र एकजोड तयार गरी आफ्नो छोरालाई दान

दिन लग्यो । प्रजापति गौतमीले बुद्धसंग यसरी प्रार्थना गर्नु भो– भन्ते ! मैले यो नयाँ चीवर एकजोड तपाईलाईं नै चढाउन निमित्त स्वयं आफैले कपडा बुनी, तयार गरेर ल्याएकी छु, कृपया मेरो उपर माया राखी स्वीकार गर्नुहोस् ।

गौतम बुद्धले अस्वीकार गरी आज्ञा गर्नु भो– गौतमी, यो नयाँ तिम्रो चीवर वस्त्र एकजोड संघलाई अपर्ण गरिदिनू, संघलाई अर्पण गरिदिएमा मलाइ पनि दिएकै हुन्छ संघलाई पनि "**संघे गौतमी देही, संघे दिन्ने अहं चेव पूजितो भविस्सामि संघो चाति**"[1]

यस्तो किन तथागतले भन्नु भएको ? गौतम बुद्धलाई दिएको भए व्यक्तिगत हुन्थ्यो फेरि आफ्नो भन्ने भावना हुने भयो यो त गृही समाजालाई आदर्शको निमित्त हो भन्ने स्पष्ट थाहा हुन्छ । अनत यो कुरो गृही, प्रव्रजित (त्यागी) दुवै पक्षले पनि आदर्श लिएर कार्य गर्न र व्यवहारमा ल्याउने अवस्था भैरहेको छ । ❀

१ मज्झिमनिकाय् - दक्खिणा विभंग

# आर्थिक उन्नतिको उपदेश

सारनाथमा भिक्षु संघ स्थापना गरिसके पछि, त्यहीं जम्मा भइरहेका भिक्षुहरूलाई सम्बोधन गरी गौतम बुद्धले आज्ञा गर्नु भयो– भिक्षुहरू ! हामी सबै बन्धनबाट मुक्त भयौं । अब तिमीहरू चूप लागेर नबस । मानव कल्याणको निमित्त (देश देशमा, नगर नगरमा, गाउँ गाउँमा) भ्रमण गर्न जानू, एउटै बाटोमा दुइजना नजानू । गएर आदि मध्य र अन्तमा कल्याण हुने उपदेश दिन जाऊ । "**चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देव मनुस्सानं ।**"[१]

तथागतको आज्ञानुसार भिक्षुहरू गाउँ गाउँ गएर के उपदेश दिएको छ सो हामीले जान्न लायक कुरो हो ।

---

१ महावग्ग, संयुत्तनिकाय्

साधारणत: त्यसबेलाको समाजमा जनता धेरै दरिद्र अशिक्षित सफासुघर गरेर बस्न न जान्ने र पथ्य खाद्य प्राप्त नभएको ले निरोगीजनहरू कमै देखिन्थ्यो । उनीहरूमा निर्वाणको कुरा जान्ने शक्ति थिएन । त्यसैले तिनीहरूलाई निर्वाण र अभिधर्मको कुरा भन्दा पनि लौकिक उन्नतिको लागि आवश्यक सामान्य ज्ञान र सरल (सजिलो) कुराको खाँचो देखिन्थ्यो । साधारण जनताको दैनिक जीवनलाई चाहिने उपदेश दिनु भएको कुरा त्रिपिटकमा ठाउँ ठाउँमा देखाइ राखेको छ ।

सम्यक् सम्बुद्धले भिक्षु जीवन भविष्यसम्म, पवित्र रूपले टिकाउन निमित्त चतुपच्चय (चार प्रत्यय) चीवर, (वस्त्र) पिण्डपात्र, (आहार) सयनासन (बासस्थान) र गिलान पच्चय (औषधी) यो चारवटा चीज भिक्षु जीवनलाई नभै नहुने भन्ने नियम बनाइ दिनु भयो ।

उपरोक्त चार चीज पूरा नभैकन भिक्षुहरू आफ्नो नियममा टिक्न मुस्किल देखिएकोले नै बुद्धले यस्तो आज्ञा गर्नु भएको हुनु पर्दछ । आजकल त यो चार चीज मात्र पूरा भएर पनि पुग्दैन । शिक्षा पनि अत्यावश्यक छ । यो पाँच भिक्षुहरूलाई मात्र होइन मनुष्य भन्ने मात्रलाई नभै नहुने भनेर कस्लाई थाहा छैन ? यो पाँचवटा चीज किन नभै नहुने हो भन्ने कुरामा अलिकति विचार गरेर हेरौं ।

**किच्छं मच्चान जीवितं**[1]

यो गौतम बुद्धको वाणी हो । अर्थात मानव जीवन दुःखमय हो अथवा संघर्षमय हो; नमरून्ज्याल बाँचिरहनु अत्यन्त कठोर । जन्म भयो कि नमरून्ज्यललाई खाने पिउने, लगाउने वस्त्र, घर र रोगी हुँदा औषधी नभै नहुने । यी चार चीज पूरा गर्न जेगरेर पनि जीविका गर्नु पर्छ भन्ने कुरा रहस्यको कुरा होइन । बुद्धि विकासको लागि शिक्षा पनि नभै नहुने । पेटकै लागि न हो मानिसहरूले रात दिन नभनी, पानी पऱ्यो वा जाडो भयो नभनी, पसीनाको धारा छुटाएर, स्वाँ स्वाँ गरी कामगरिरहेको । धनीहरूको त अर्कै कुरो हो । तत्कालिन भिक्षुहरूको पनि चाहे पानी परोस्, चाहे गर्मी बढोस् समयमै पीण्डपात्र (भिक्षा माग्न) जान पर्दथ्यो अहिले पनि बर्मा र थैलेण्ड (श्याम) आदि बौद्ध देशहरूमा भिक्षा गई भिक्षुहरू जीविका गरिरहेका छन् । ध्यान भावना एकातिर पन्छयाएर पनि भिक्षा त जानै पर्दछ ।

**जिगच्छा परमा रोगा**[2]

अर्थात भोक लाग्नु जस्तो ठूलो रोग अर्को छैन । तथागतले यस्तो आज्ञा गर्नु भएको आफ्नो अनुभवले र प्राणी मात्रलाई आहार नभै नहुने भएर होला । यो कुराले झन स्पष्ठ थाहा हुन्छ– "**सब्बेसत्ता आहारट्ठितिका**" संसारको प्रमुख

---

१ धम्मपद

२ धम्मपद

प्रश्न के भनेर सोधेको सोधाइको प्रत्युत्तर दिनु हुँदै बुद्धले आज्ञा गर्नु भएको हो सबै प्राणिहरू आहारहरूको निर्भरमा छ । यो कुरो वहाँले स्वयं तपस्या गर्नु भएको बेलामा खाना नखाइकन हेर्दा आफ्नो शरीर झन् झन् दुब्लो हुँदै गयो । शरीरको दुर्बल अवस्थाले गर्दा मानसिक कमजोडमा वृद्धि हुन थाल्यो । यस्ले गर्दा चिन्तन शक्ति क्षीण भएर गयो । यतिं सम्म पनि होश हवास भएन कि आफू कुन ज्ञान खोज्नको लागि राज्य त्यागेर आएको भन्ने सम्मपनि ख्याल रहेन । पछि होश भएर आयो । वहाँले थाहा पाउनु भयो खाना नखाई शरीरलाई दु:ख दिनु अशल मार्ग होइन । शरीर बलियो नभै चिन्तन शक्ति हुदैन भन्ने कुरा जानेर तपस्या छोडी अथवा ज्ञान प्राप्त नभैकन केही पनि खान्न भनी गरेको अनशनलाई भंग गर्नु भयो, शरीर बलियो भए पछि मात्र वहाँले ज्ञानको मार्ग देख्न सक्नु भो, अनि बुद्ध हुनु भो । तत्पश्चात मात्र वहाँले चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग यथार्थ रूपले बोध गरेर लिनु भयो । यही अनुभवले हो भोको मानिसले अर्थात् खोक्रो पेट भएकोले कुनै पनि ज्ञान हासिल गर्न सक्तैन त्यसले नैतिकताको मार्गमा हिडन पनि सक्तैन भनी आज्ञा गर्नु भएको कुरा उदाहरणको लागि एउटा घटना यहाँ उल्लेख गरिएको छ–

एक दिनको कुरो हो । गौतम बुद्ध आलवी भन्ने प्रदेशमा विहार गरी उपदेश गरिरहनु भएको थियो । त्यहाँ

निकै नै मानिस जम्मा भैरहेको थियो। बुद्धले प्रथमत: त्यहाँको परिस्थिति र त्यहाँका मानिसहरूको स्वभाव बारेमा अध्ययन गर्नु भयो । मेरो उपदेश बुझ्न सक्ने कोही होला के भन्ने विचार गरी हेर्नुभो । केवल एउटा कृषक मात्र वहाँको उपदेश बुझ्न सक्ने देखा परयो । तर त्यस्को भने भोक लागेर मानसिक सन्तुलन नभै रहेको। उपदेश सुन्न उ ज्यादै उत्सूक छ तर बुझेर लिन सकेन, मनमा खाली खानेकुराको मात्र चिन्तना भैरहने। बुद्धले उनको मनको भाव जानी त्यहाँ उपस्थित समुहसंग सोध्नु भो यहाँ कसैसंग खाने पिउने केही वस्तु छ ? यदि छ भने त्यो छेउमा बसिरहेका सज्जनलाई खानेकुरा दिनुहोस् भनेर भन्नुभो । मानिसहरू सबै छक्क परिरहे । उपस्थित मध्य कसैले सोधे भन्ते, किन तपाईंले यस्तो आज्ञा गर्नु भएको ? बुद्धले भन्नु भो– हो ! त्यो एकजना धर्म बोध गर्न सक्ने भैरहको छ, तर आज उस्को बिहान देखिनै एउटा गोरू हराएर खाँदै नखाई खोज्न जाँदै उस्लाई थकाइ लाग्यो, भोक पनि ज्यादैनै लागिरहेछ । उपदेश सुन्न पनि उस्लाई ज्यादै इच्छा छ, तर भोक लागेको ले त्यस्ले मेरो उपदेश बोध गरेर लिन नसक्ने भैरहेछ, किन कि उस्को मनमा शान्ति छैन । त्यसैले जानेर लेउ भोक लाग्नु जस्तो ठूलो रोग अरू छैन– "**जिघच्छा सदिसो हि रोगो नाम भिक्खवे नत्थि**" भन्दै "**जिघच्छा परमा रोगा**" पनि भन्नुभयो ।[१]

---

१ धम्मपदकथा पृष्ठ - ४६३-४६४

संस्कृतको एउटा उक्ति पनि छ– “**बुभुक्षितः किम् न करोति पापम्**” अर्थात् भोको मानिसले के मात्र पाप नगर्ला अर्थात् जव मानिस दरिद्र हुन्छ उसलाई खाने पिउने वस्तु अभाव रहन्छ अनि त्यस्ले चोरी काम थाल्छ, डाकाजनी, घूस र बेइमानी काम गरेर पनि आफ्नो जीविका चलाउन खोज्दछ । गरिवी र दरिद्रता नै अपराध र भ्रष्टाचारको मूल कारण हो भनेर दीर्घनिकाय चक्कवति सिंहनाद सूत्रमा राम्रोसंग देखाइ राखेको छ उदाहरणको लागि यहाँ संक्षिप्त उद्धरण गर्न लागिएको छ–

गौतम बुद्ध मगधको ‘मातुला’ भन्ने ठाउँमा विहार गर्नु भो । त्यहाँ वहाँले भिक्षुहरूलाई सम्बोधन गरेर धार्मिक राजा ‘दल्हनेमी‘ को कथा सुनाउनु भयो जुन राजा चारै दिशाको पनि विजेता र अधिपति हो । त्यस्ले बुढा हुनेवितिकै आफ्नो छोरा युवराजलाई राज्याभिषेक दियो । यिनीहरूको सात पुस्ता सम्म राज्य धार्मिक रूपले चलेर जनता सुखी र आनन्दित भए । आठौं चक्रवति स्वेच्छाचारी भएर राज्य राम्रो संचालन गरेन । स्वार्थी भयो राजर्षिहरू कहाँ गई चक्रवर्ति ब्रत सुनेन । आफ्नै बुद्धिले पुग्छ भनी तानाशाही शासन चलाउने गऱ्यो । त्यस्ले प्रजाहरूको आर्थिक अवस्था सुधार गर्न र उन्नति गर्नतिर ध्यान राखेन । आर्थिक सुधार गर्ने त्यो असमर्थ भयो । यस्ले गर्दा दरिद्रताको कोप झन्-झन् बृद्धि हुन थाल्यो । दरिद्रताको कारणले चोरी,

डाका र हत्या आदि पापाचार बढ्न थाल्यो ।[1]

यो कुरा सत्य भनी जानेर आर्थिक उन्नति मानिसहरूको, हीत, सुख र समृद्धिको लागि आवश्यक भनी बुद्ध र भिक्षुहरूले भन्नु भएको छ । दण्ड दिएर मात्र चोर र डाकु आदि अपराधीहरू निर्मूल पार्न सकिँदैन । साँचैनै चोरी डकैंटी आदि अपराध नहुनदिनलाई त मानिसहरूलाई जीविकाको लागि इलम बन्दोवस्त गरिदिन पर्छ भन्ने कुरा दीर्घ निकाय कूट दन्त सुत्रमा राम्रोसंग व्याख्या गरिराखेको छ । कूट दन्त सूत्रको सारांश हो–

तथागत एक दिन मगधमा घुम्न जानुभएको बेलामा खाणुमत नामको ब्राह्मण गाउँमा पुग्ने वित्तिकै त्यहीको एउटा आँपको बगैंचामा बस्नु भयो । त्यस बखतमा त्यहाँ 'कूट दन्त' नाउँ भएको एकजना विद्वान प्रशिद्ध ब्राह्मणले महायज्ञ गर्ने मनमा भाकल गरिराखेको थियो । कूट दन्तले सुनिराखेको थियो कि गौतम बुद्धले सोह्र परिस्कार सहित विविध यज्ञ सम्पदाको बारेमा राम्रोसंग जान्दछ । त्यसैले कूट दन्त बुद्धकहाँ गई प्रार्थना गऱ्यो– तीन प्रकारको महायज्ञ स्पष्ट बुझ्न सक्ने गरी आज्ञा होस् ।

सम्यक् सम्बुद्धले यज्ञ (होम) विधिका व्याख्या गर्दै ब्राह्मणलाई आज्ञा गर्नु भयो– उहिले विजित भन्ने राजाको पनि यज्ञ गर्ने इच्छा भई आफ्ना पुरोहित ब्राह्मण कहाँ गएर

१ दीर्घनिकाय चक्कवति सिंहनादसुत्त

प्रार्थना गऱ्यो कि म चारै दिशामा पनि विजय प्राप्त गरेर अधिपति भैसकें । मसंग असंख्य सम्पति छ । अव मलाई हित सुख हुने र राज्य समृद्धि शाली गर्नलाई कुन प्रकारले यज्ञ (होम) गर्न पर्ला ? आज्ञा गर्नु होस् । अनि विजित राजालाई सो पुरोहित ब्राह्मणले भन्नुभयो– महाराज, तपाईंको राज्यमा चोर डाकाहरूले सर्व साधारण जनतालाई ज्यादै नै सताई दुःख दिइरहेछन् । बाटोमा एक्लै हिडनु हुँदैन । लूट पाट भैरहेछ यत्रो जनताको हा हाकार भई रोग पीडा र अनेक भयले त्राहि भै रहेको वेलामा धेरै धन खर्च गरी यज्ञ गर्नु धर्म होइन, अधर्म हो । पुण्य होइन पाप हो । शायद महाराजलाई यस्तो पनि मनमा पर्न सक्ला– "मैले यी बदमास चोर र डाँकाहरूलाई समातेर सास्ति गरौंला, देशबाट निकाला गरौंला, मारेर पठाउँला, कठोर दण्ड भोग गराई करावासमा राखी उपद्रव नहुने पारौंला ।" तर महाराज यसरी दण्ड आदि दिएर चोर र डाँका आदि बदमासहरू नष्ट गर्न सकिन्न । साँचैनै देशबाट चोर र लुटेराहरू निमिट्याउन् पारी शान्ति स्थापना गर्ने हो भने आर्थिक ब्यवस्था राम्रो गर्नु पर्दछ । त्यो कसरी-महाराज, कुनै ब्यक्तिले तपाइँको राज्यमा कृषी काम गर्ने इच्छा गरे त्यस ब्यक्तिलाई तपाईले खेती सामान र बिउ बिजन आदि दिएर सहायता दिनु पर्छ । कुनै ब्यक्तिले ब्यापार गर्ने इच्छा गरेमा त्यसलाई तपाइँले पूंजी (रास) दिनुपर्छ यस्तै कसैले राजदरवारमा जागीर खान

चाहेमा त्यसलाई भत्ता सहित तलब दिनुपर्छ । यस प्रकारले ती मानिसहरू आ-आफ्नो काममा लाग्दछन् अनि राजाको देशमा कसैले पनि दुःख दिंदैन । सबैले काम पाएमा आफ्नो काममा संलग्न भई नराम्रो काम तिर चिन्तना गर्ने फुर्सदै हुँदैन । अनि तपाईको राज्य झन् समृद्धिशाली हुन्छ, सबै सुखपूर्वक जीविका गरेर बस्ने थिए ।

राजा विजितले पुरोहित ब्राह्मणलाई हुन्छ हवस भनी गएर आफ्नु राज्यमा, जो जो खेती गर्न उत्साहीहुन् उनीहरूलाई आवश्यक कृषि औजार र बिउ विजन दिए । जस्ले ब्यापार गर्ने इच्छा प्रकट गरे उनीहरूलाई पूँजी (रास) दिए । जजस्ले जागीर खाने  इच्छा गरे अथवा जागीर खाएर उत्साह देखाए उनीहरूलाई भत्ता सहित उचित तलब दिए । यसरी सबैलाई कामको ब्यवस्था भएकोले देशमा केहीं कतैपनि अशान्ति भएन । कसैले कसैलाई सताएनन् । सबै आआफ्नो काममा लागिरहे । सबैले आफ्नो बाल बच्चा संग नाचेर निश्चिन्त भई जीविका चलाए ।[१]

**चीवर (वस्त्र)**

शिष्ट मानिसहरूलाई वस्त्र चाहिन्छ भन्ने कसैले नजाने को कुरा होइन । शरीर भर छोप्ने । जाडो देशको कुरा त अर्कै हो । कसै कसैले लुगाको लागि हजारौं रूपैया खर्च गर्न चित्त दुखाउने पनि नभएको होइन कसै कसैले खाना नभएपनि

१ दीर्घनिकाय - नालन्दा प्रकाशन पृष्ठ ११५ - ११६

(साँझ विहान हात मूख नजुरे पनि) लुगाले बाक्स भर्ने र भराउने हेर्दछ । जाडोयाम र चाहाड तिहार आयो कि विचरा गरीबहरूको सास्तिको कुरा त गरी साध्य हुँदैन । आहार जस्तै यो पनि नभै नहुने भिक्षुहरूको लागि भन्नुपर्ने बुद्धले स्वयं नभै नहुने भनी भन्नु भयो र चीवर बारेमा आफूले वनाएको नियम समेत हेर फेर गर्न पऱ्यो ।

**सयनासन – (बस्ने ठाउँ)**

खाने लगाउने आवश्यक भए झै बस्ने घर पनि आवश्यक हो । नाना प्रकारको रोग उपद्रवले बच्नलाई, जीवन रक्षाको लागि, स्वास्थको लागि पनि घर नभइकन नहुने एउटा हो । जंगलीहरू समेत ढुंगाको ओढार (गुफा) को शरण लिएर बस्छ । त्यसैले बुद्धले पहिले विहार आदि घरमा वस्ने नियम बनाई नराखेता पनि पछि भिक्षुहरूलाई विहारमा वस्ने नियम बनाई दिनु भयो ।

**गिलान पच्चय- (रोगीको लागि औषधी)**

स्वास्थ्य जीवनको लागि अवश्यै चाहिने कुरो हो । धन दौलत प्रशस्त भएर पनि स्वास्थ्य ठीक नभई सँधै रोगाहा भएर बस्न परेमा भने त्यस्ले कुनै सुख अनुभव गर्दैन । धेरै जसो देशका त जनतालाई स्वास्थ्यको लागि पथ्य आहार नभएर साथै उपचारको पूरा व्यवस्था नभएर जीवन रोग ग्रस्त गराई, दु:खमा जीवन बिताउन परिरहेछ । बुद्धले अंगुतर निकायमा भन्नु भएको छ बिरामीहरूलाई तीन चीजको

आवश्यकता-उचित पथ्य आहार, उचित औषधी र स्नेही सेवक (सेवा टहल गर्ने)[1]

दरिद्रताको कारण उचित पथ्य आहार र औषधी किन्न नसकेर वा वैद्यलाई पैसा (फीस) दिन नसकी धेरै कुष्ट आदि रोगीहरू पनि बुद्धको शरण आएर भिक्षुबन्न गएको छ। भिक्षु हुन जाने वित्तिकै पथ्य आहार औषधी निशुल्क (सित्तैं) प्राप्त हुने व्यवस्था भइरहयो बिम्बिसार राजाको जीवक भन्ने एक जना बैद्य छ। बिम्बिसारको आज्ञा हो भिक्षुहरूलाई निशुल्क औषधी गरिदिनू । साधारण जनताको औषधी गर्न परेमा जीवक वैद्य भेटन सजिलो छैन । बिम्बिसारको आज्ञा लिएर मात्र जीवकले अरूलाई औषधी गर्न हुने । भिक्षुहरूलाई मात्र जहिले पनि औषधी गर्न हुने । त्यसैले धेरै गरीबहरू औषधी गराउने र स्वास्थ्य लाभको लागि भिक्षु हुन जाने । रोग निको हुने वित्तिकै चीवर छाडेर जाने कुरा विनय पिटकमा भनी राखेको छ ।

कुनै-कुनै भिक्षुहरूकै पनि आवश्यक पथ्य आहार र औषधी भएतापनि विचार तथा सेवा गर्ने नभएर दु:खभोगी रहेको कुरा पनि छ। एक पटक त तथागत स्वयं आफैले नै एकजना रोगी भिक्षुको सेवा गरेर अरूलाई पनि यस सम्बन्धको मार्ग पदर्शन गरिदिनु भएको कुरा महावर्गमा छ । त्यहि

१ अंगुत्तर निकाय तिकनिपात

घटना यहाँ उल्लेख गरिएको छ ।[1]

त्यस बखतमा एकजना भिक्षुलाई पेट दुख्ने रोगले ज्यादै पीडा भइरहेको थियो । उनी आफ्नै मल मूत्रमानै त्यसै लटपटिरहेछ । अनि बुद्धले आफ्ना सेक्रेटरी आनन्द स्थविर लिई घुम्न जानुभएको वेलामा ती भिक्षुसंग सोध्नु भयो– भिक्षु; तिमीलाई के भइरहेको छ ?[2]

भिक्षु – भन्ते, मलाई पेट दुख्ने, झारा हुने रोग भइरहेछ

बुद्ध – तिमीलाई सेवा गर्ने कोही छैन ?

भिक्षु – भन्ते, कोही पनि छैन ।

बुद्ध – आनन्द, पानी लिएर आउ, हामीले नै यी रोगी भिक्षुको शरीर सफा गरिदिउँ । यीनको शरीर अपवित्र भैरहेछ । आनन्द स्थविरले पानी ल्याउने वित्तिकै बुद्धले पानीको धारा दिनु भयो, आनन्दले शरीर पखाली सफा गरिदिनु भयो । अनि बुद्धले त्यो रोगी भिक्षुको टाउको समात्यो, आनन्द स्थविरले खुट्टा र कम्मर समाती उचालेर अर्कै आशनमा राम्ररी सुताइदिए ।

त्यस पछि यीनै रोगी भिक्षुको बारेमा त्यहाँ भएका भिक्षुहरूलाई जम्मा गरी बुद्धले आज्ञा गर्नु भयो, यहाँ भिक्षु एकजना संचो नभएर भुँइमा आफ्नै मल मूत्रमा लटपटिरहेका कसैले पनि यीनलाई विचार गरेन, यस्तो किन ? भिक्षुहरूले

---

१ विनयपिटक - महावग्ग

२ सुत्तपिटक - धम्मपद

भन्यो– भन्ते त्यो एकजना अहंमानि भिक्षु हो, त्यो आफू स्वस्थ भएको बेला अरू संच नहुनेलाई वास्ता राख्दैन, त्यसैले हामीले पनि त्यसलाई वास्ता राखेनौं ।

बुद्धले भन्नु भयो– भिक्षुहरू, अवदेखि म भन्दछु भिक्षुहरूको आमा-बावु तथा आफ्नो भन्ने यहाँ कोही छैन । आफू-आफूनै आमाबाबु, दाजु-भाई हो । त्यसैले तिमीहरूले नै परस्पर विचार तथा सेवा नगरे कस्ले गर्ने । अब म भन्दछु– "**यो गिलां उपट्ठाति, सो मं उपट्ठाति**" अर्थात् यदि कसैले पनि रोगीको सेवा गरयो भने त्यस्ले मेरो सेवा गरेको हुन्छ । यस्तै अनुभवले हो वहाँले आज्ञा गर्नु भएको "आरोग्या परमा लाभा अर्थात् संसारमा स्वास्थ्यलाभ गरेर वस्नु जस्तो ठूलो लाभ अरू छैन ।

**अज्झापन – शिक्षा**

शिक्षाको अभावले धर्म पनि अधर्म, अधर्म पनि धर्म सम्भेर वसी फेरी उपर्युक्त समस्या भन भन नै जटिल (गाँठो) भएर आइरहेछ । जीवनमा उन्नति गर्न शिक्षा नभै नहुने । शिक्षा नभएको मानिसबाट भयानक अपराध हुन सक्छ । बुद्ध कालिन भिक्षु समाजमा धर्म श्रवण गर्ने वित्तिकै गेरू वस्त्र लगाई भिक्षु हुन गयो उनीहरूले युक्ति अयुक्ति न्याय अन्याय जान्दैनथ्यो । अनि नियम उल्लंघन गरेर हिड्थ्यो । बुद्धिको विकास भएन । "**पञ्ञावन्तस्सायं धम्मो**"[१]

१ संयुक्त निकाय

अर्थात प्रज्ञा अथवा मगज भएकाहरूलाई मात्र मेरो धर्म हो भनी गौतम बुद्धले आज्ञा गर्नु भएको छ । त्यसैले जीवनलाई शिक्षा पनि नभै नहुने चीज हो भन्ने कुरा जान्नु पर्दछ । अनि मात्र मानिसहरू शिक्षित हुन्छ । साँचैनै लोक जनहरूलाई शिक्षित र जाग्रत नगरी खान पिन र रहन सहनको परिस्थितिमा परिवर्तन नगरिकन संयम तथा ब्रह्मचर्याको पालन गर्न सजिलो हुने छैन ।

अत: यसप्रकारको मध्यम मार्गको अनुसन्धान गर्नु पर्दछ कि जसबाट यो जीवनको समस्या सन्तोष पूर्वक समाधान गर्न सकिन्छ । त्यसैले तथागतले मानव समाजको लौकिक जीवन उन्नति र सुखमय गर्नको निमित्त निम्न लिखित चारवटा कारण व्याघ्रपद्य सेठलाई उपदेश दिनुभएको कुरा अंगुत्तर निकायमा समावेश भैरहेको छ । यो चारवटा वस्तु साँच्चै नै मनुष्य जीवन सुखी अथवा मानव समाज सुखमय गर्नको लागि नभै नहुने भएको छ–

(१) उत्थान विरिय - उत्साह र अथक परिश्रम ।

(२) आरक्ख सम्पदा - सम्पत्तिको सुरक्षा ।

(३) कल्याण मित्तता - सज्जनहरूको सत्संग ।

(४) समानता - आय अनुसार ब्यय गर्ने ।

यी चारवटा सम्पत्ति अलि विस्तृत रूपले यहाँ उल्लेख गर्ने गरिएको छ । तर यस्को महत्ता त्यसवेलामा छर्लङ्ग देखिन्छ जुनबेला मनुष्य जीवनको चारवटा सुख दु:ख छन्

भन्ने अनाथ पिण्डिक सेठलाई भन्नु भएको उपदेश संग हामी परिचित हुन्छौ ।

(अ) अत्थि सुख - आवश्यक वस्तु आफुसंग छ भन्नु सुख ।

(आ) भोगसुख - कमाई गरेको धन आफ्नो इच्छाअनुसार भोग सुख गर्ने

(इ) अनणसुख - ऋृण नपारी बस्ने सुख ।

(ई) अनवज्ज सुख - निर्दोष जीवन सुख ।[1]

**उत्थानविरिय –**

अत्थिसुख अर्थात् आवश्यक वस्तु आफूसंग हुनलाई परिश्रम विना सम्भव छैन । कारण चूप लागेर बसी देवताले दिन आउँदैन, न मानिसहरूले नै खुवाउन आउछ । बुद्धको कथनानुसारले कर्ममा छैन भनेर चूपलागेर बस्ने होइन, काम गरेर जानु पर्दछ । यसैले ब्यक्ति उत्साही हुनु पर्दछ । उत्साही र आशावादी ब्यक्तिको अभिलाषा मात्र पूरा हुन्छ, हतोत्साहीको हुँदैन । कुनै ब्यक्तिले केही काम गर्छ, त्यसबेला बाधा आएर रोक्न आउँछ । हो कुनै यस्तो बाधा पनि नभएको होइन, जुन बाधाले हामीलाई इच्छा नभैकन पनि हट्नु पर्ने हुन्छ । तर प्राय: बाधा भित्रनै सफलता हुने भएकोले जुन ब्यक्तिले अगाडि रोक्न आउने कचिंङ्गललाई हटाएर वा दबाएर कार्य गरेर लैजान्छ त्यसैले आफ्नो काम सफल गरेर लिन्छ । त्यसैलाई अत्थिसुख हुन्छ । परिश्रम विना आवश्यक

१ अंगुत्तर निकाय (पृष्ठ २३२)

वस्तु आफूसंग भैराख्नु '**अत्थि सुख**' भने त्यो सुख उत्थान सम्पदाको निर्भर हुन जानेछ। जो संग 'उत्थानसम्पदा' अर्थात परिश्रम गुण हुँदैन, त्यसलाई चाहिने वस्तु हुँदैन, अनि त्यस्को अन्तरात्मालाई अथवा आध्यात्मिकलाई शान्ति हुँदैन तथागतले भिक्षुहरूलाई भन्नु भयो– यदि भिक्षुहरू चरित्रवान भएर वस्नु पर्दछ भने उनीहरूको लागि चारवटा चीजको आवश्यकता पर्दछ –

(१) चीवर, (वस्त्र)

(२) पिण्डपात (आहार)

(३) सयनासन (बासस्थान)

(४) गिलानपच्चय (रोगी हुँदा चाहिने औषधी)

बुद्धको विचार अनुसारले उपर्युक्त चारचीज पूरा नभैकन भिक्षु जीवन पनि दुष्कर र सफलमय हुन सक्तैन। यही कुरा अरूहरूको लागि पनि हो जन्म हुँदा देखि मानव जीवनलाई खाने, पिउने, लगाउने बासस्थान र औषधी चाहिन्छ । अनि जीवनमा प्रकृति र आहारको अनुकुल नमिल्दैमा भै आउने पीडा रोगबाट मुक्तहुनलाई औषधी नभैकन हुँदैन।

आफ्नो उन्नति लागि अल्सी नभएर उत्साही तथा परिश्रमी भएर काम गर्नु पर्दछ भन्ने कुरा त्रिपिटकमा ठाउँ ठाउँमा बुद्धले आज्ञा गर्नु भएको प्रमाण छन्।

धन उत्पादन गरी परिवार पतन नगराइकन जीविका

चलाउनलाई त विनाश भएर गएको वस्तुहरू पुनप्राप्तिको लागि उत्साह गर्नु पर्दछ, भत्कन लागेको घर बनाउन-जिर्णोद्धार-गर्ने कोशीस गर्नु पर्दछ; खाना पिउनमा बढी खर्च गर्नु उचित हुदैन । दुश्शील अथवा आचरण र बानि नराम्रो भएका स्त्री वा पुरुष घरको मूख्य हर्ताकर्ता हुनु हुँदैन भन्ने कुरा अंगुत्तर निकाय चत्तुक्क निपातमा भनिराखेको छ– यदि कुनै ब्यापारिले आफ्नो ब्यापार सफलता प्राप्त गर्ने हो भने दिन रात परिश्रमी बन्नु पर्दछ । बेच्न पर्ने वस्तुको विषयमा राम्ररी ज्ञान भएको हुनुपर्दछ । यो वस्तु यतिमा खरीद गरी यतिमा विक्री गरेमा यति लाभ हुन्छ भन्ने चिन्तन शक्ति भएको हुनुपर्दछ । यस्को मतलब यो होइन कि पाँच रुपैयाँ जानेलाई दश रूपैयाँमा बेच्ने । माल सुलभ ठाउँवाट दुर्लभ ठाउँमा लगी बेच-विखन गर्ने कुशलता पनि चाहिन्छ । किन्ने एउटा तुलो, बेच्ने अर्कै तुलो गरेर लाभ उठाउन कदाचित्त हुँदैन । अधार्मिक तरिकाले ब्यापार गर्न हुँदैन । यस्तो महत्वपूणको कुरा वा उपदेश सबै अंगुत्तर निकायमा ठाउँ ठाउँमा बुद्धले आज्ञा गर्नु भएको कुरा स्पष्ट छ ।[1]

**आरक्ख सम्पदा –**

मानिसहरूले परिश्रम गरेर केही संग्रह गर्दछन्; अनि भविष्यको लागि पनि बचाइराख्नु पर्दछ, त्यसैले त्यस्को सुरक्षा आवश्यक हुन्छ । एक त मानव जीवनलाई चाहिने

१ अंगुत्तर निकाय पृष्ठ ६९-७०

बेलामा आवश्यक वस्तु प्रकृतिवाट तुरन्तै दिंदैन, त्यसैले भविष्यको लागि आवश्यकतातिर औंल्याएर (लक्ष गरेर) प्रकृतिले राम्ररी दिने बेलामा लिएर सञ्चय (जम्मा गर्ने) आवश्यकता छ, अर्को तिर मानवसंग जहिल्यै भन्ने वित्तिकै आफ्नो आवश्यकता पूर्ति गर्ने साधन छैन, कसैसंग क्षमता हुँदैन, त्यसैले पनि सञ्चय गर्नु पर्दछ, सुरक्षा गर्नु पर्दछ । वाकस, खापा, चुकुल, कोठा र साँचो (ताला) यही नै आवश्यकता बचाउनको लागि गरिएको आवश्यकताको (उपायका) आविष्कार हो । हो यस्मा पारस्परिक अविश्वासको भाव पनि भित्रिएको छ । अझ चोरहरूलाई त तालमात्र लगाएर पनि पुग्दैन ढोका र झ्यालको खापा पनि मजबूत संग बन्द गर्नु पर्दछ । त्यसै त सम्पतिको सुरक्षा हुँदैन, चोरेर लगी रहेछन्, डाका लागी रहेछन् । अनि सरकारले पुलिस विभाग बनाइराखे अन्यथा भोग सुख हरण हुने भय-त्रास छ । चोरले चोर्दा मात्र भोग सुख अपहरण हुने होइन, अपितु परिश्रमले आफूलाई प्राप्त भएको आफैले भोग नगर्नु अथवा अरूलाई भोग नगराउनु पनि अपरहरण जस्तै हो । किन भने 'भोग सुख' लाई पनि त्यस्ले लुकाई राख्दछ, पछि त्यस्को आवश्यकता बढता हुने वित्तिकै अर्थात भोग सुखको निंमित्त मानिस छटपट हुने वित्तिकै त्यस्ले निकाल्दछ, त्यसबाट आफ्नो भोग सुखको वृद्धि गर्दछ । अनि सरकारले आम्दानी कर (Income Tax) लिन्छ भनेर पनि लुकाइ राख्ने गर्दछ ।

बुद्धको विचार अनुसारले “भोगसुख अनुभव गर्ने हो भने त्यस्लाई प्रयोगमा ल्याउने हेर्नु पर्दछ, अन्यथा परिश्रम ब्यर्थ हुन्छ । त्यस्को धन-सम्पति नदीको बाढ आइ बगाई लान्छ, आगोलागी भष्म हुन्छ, चोर, डाकाले लुटेर लै जान्छ, सरकारले जफ्त गरेर लिन्छ, अनि ‘भोग सुखको सार्थकता नै हराएर बस्नुपर्ने हुन्छ ।[1]

**कल्याण मित्तता–**

आफूले चाल नपाउने गरी आफ्नो ‘**भोग सुख**’ न यता, न उता हुनेगरी सक्नेबाट बचाउन वा परिश्रमको फलको रक्षा गर्न निमित्त अशल मानिसको सत्संग पनि चाहिन्छ, अन्यथा त्यस्को जीवन सुखमय हुँदैन जम्मा गरिराखेको धन पनि व्यर्थै खर्च भएर जान्छ । अझ हाम्रो निमित्त तात्पर्य यहाँसम्म वृस्तृत गराउँदै जानु पर्दछ कि हामीले जातीय प्रथा मध्ये त्यस्तो प्रथा समेत छोड्नु पर्दछ, जुन प्रथाले हामीलाई ऋणको बन्धनले बँधाइ बस्नु पर्ने हुन्छ । केवल हामीले साहुको ऋणी भएर बस्नु पर्ने कारण संगतको फल मात्र होइन, जातीय प्रथा पनि हो । छोरा छोरीको विवाह गर्ने बेला, गुठी गानाको पूजामा पनि हामीले आफ्नो भोग सुख प्रति अन्याय पूर्वक ह्रास गर्दछौं । अझ ऋणी पनि हुन्छौं । पेट भर्नको निमित्त ऋणी हुनु, सापटी लिएर काम चलाउनु त अर्कै कुरा हो विधि ब्यवहार हुन अर्कै कुरा हो । जस्तै प्रकारले

१ सिंगालोवाद सूत्र – दीर्घनिकाय

होस् ऋणी जीवनमा सुख छैन । साहु पारेर बस्नु पऱ्योकि मनमा भय, त्रास र चिन्ताले ठाउँ ओगटी राखेको हुन्छ । त्यसैले तथागतको विचारले साहु नपारी (ऋणी नभई) बस्नु पनि (अनण सुख) एउटा सुख हो ।

**समानता**

यहाँ समानताको अर्थ दुईटा छन् । शाब्दिक अर्थ हो सबैलाई समभाव देख्नु, ठूलो सानो को भेद्भाव हटाई बस्नु समानता हो । तर यहाँ आर्थिक दृष्टिकोणले ब्यग्घपज्झ, सूत्रको कथानानुसार आमदानी हेरी खर्च गर्न जान्नुलाई समानता भनिएको छ । आमदानीलाई सुहाउँदो खर्च गर्नुमा जहाँ सुख छ, त्यहाँ नै खर्चको अनुरूप आमदानी नभएमा दुःख छ । त्यसैले त आय पाँच रूपैयाँ भए ब्यय दस रुपैयाँ गरिरहन्छ । यो दुःख अर्थात् इच्छा पूर्ति नभएमा हुने असन्तोषले सुख प्रति क्षणिक दवाव ल्याएर विजय हुने भएतापनि आखिरमा यस्ले गर्दा झनसार दुःख हुन्छ । कारण यसबाट साहु पर्ने झंझट आउँछ । अनि । त्यो ऋण दुःखबाट मुक्त हुनलाई “**उत्थान सम्पदा**” गुणनै आफूसंग बढीमात्रामा हुने गराउन पऱ्यो । त्यसैले पहिल्यै दुःख गरेर पछी सुख ल्याउने प्रयत्न गर्नु नै उत्तम । भाँडा भराउन केही चीज राख्नु अगाडि चुहुने हो वा होइन पहिल्यै हेर्नु नै बुद्धिमानीको चिन्ह हो । यो बुद्धिमत्तालाई कार्यबाट सामाजिक मान्यता एकातिर छैन । त्यसैले त मानिसले समाजको अगाडि राख्नु अपमान

जनक जस्तो हुने हुन्छ । यस्को तात्पर्य पूर्णत: आय हेरी व्ययको सिद्धान्तमा बस्नु साँचैको ब्यावहारिक नियम होइन, किनभने कुनै कुनै देशमा आमदानी पर्याप्त नै हुँदैन, जहाँ गर्ने काम छैन त्यहाँ त्यसै मरेर जानु राम्रो होइन । भनाइको मतलव परिश्रको महत्ता सम्म देखाई राखेको छ । कारण उत्साह र परिश्रम मानिसमा नभएमा, कुनै काम पनि नपाइने बेलामा त्यस्को आर्थिक स्थिति पनि राम्रो निश्चयनै हुँदैन, अनि भष्टाचार घूस प्रथाको वृद्धि भएर जान्छ । जहाँ भ्रष्टाचार, घूसखोरीबाट जीवन बिताउनु पर्ला, त्यहाँ उसको '**अनवज्ज**' निर्दोषमय नभइएको जीवनले त्यसलाई दु:ख दिइरहन्छ आफुलाई आफैले धिक्कारी रहनु पर्ने हुन्छ । पुग्ने सम्म आमदानी नभएको बेलामा केही न केही उपार्जन चाहिन्छ, काम चाहिन्छ, अनिमात्र अनवज्ज सुख अर्थात निर्दोष जीवनको सुख पाइन्छ । यस प्रकारले यो चारवटा सम्पदा एक अर्काको पूरक हो । त्यसैले एक सम्पदा मानिसको जीवनमा भएन कि त्यसलाई हुने चारै प्रकारको सुख मध्ये एक न एकबाट त्यो वंचित भएर बस्नु पर्ने हुन्छ ।

त्यतिमात्र होइन आफूले कमाइ गरेको सम्पतिको चार भागमा एक भाग दिनभरीलाई खर्च गर्ने, दुइ भाग आफ्नो इलममा लगाउने र आखिरको एक भाग पछि कुनै आपत विपतको लागि जगेडा राख्ने पनि बुद्धले आज्ञा गर्नु भएको छ–

**एकेन भोगे भुञ्जेय्य द्विही कम्मं पयोजये ।**
**चतुत्थं च निधापेय्य आपदासु भविस्सति ॥**

मतलव चार रूपैयाँ कमाएको भए एक रूपैयाँ खानलाई दुई रूपैयाँ काममा लगाउन र बाँकी एक रूपैयाँ भविष्यलाई बचाई राख्न जान्नु पर्दछ ।

उपरोक्त कुरा मनुष्य जीवन सुखमय गर्नाको लागि कतिको उपयोगी छ, साथै यो उपदेशको ध्यय यो वर्तमान जीवन संग छ कि मृत्यु पश्चात पछिको स्थितिमा भन्ने कुरा स्पष्ट हुन्छ । यसैले थाहा हुन्छ, बुद्ध धर्म पूर्ण रूपले यही जन्ममा वा यही लोकको हितकारक हो । (बरू हो, बौद्ध विश्वासले योपनि भन्छकि जव वर्तमान जीवन निर्दोष सुखमय हुन्छ तव परलोकको पनि त्यसलाई केही भय छैन न त्रास नै । ) ❀

# कलह शान्ति

आजको संसारमा लडाईं, कलह भइरहेको मुख्य कारण आर्थिक असमानता र तृष्णा हो । आर्थिक समस्या हल भयो भने अशान्ति र कलह न होला जस्तो छ । एक पटक भिक्षुहरूको बीच म र तं को भावनाले गर्दा सानो कुरामा झगडा भयो । बुद्धले पनि झगडा छिन्न सक्नु भएन । पछि आर्थिक प्रश्नले मात्र सो झगडा छिनियो । त्यही कुरा यहाँ संक्षिप्तमा उल्लेख गरिएको छ–

गौतम बुद्धका शिष्यहरू दुइ ग्रुपमा विभक्त थिए । एक सूत्र अध्ययन गरी धर्म देशक अर्थात् प्रवचन दिनमा संलग्न भएर बस्ने । अर्को ग्रूप हो नियममा गौरव राखी विनय धर भएर अनुशासन प्रिय भएर बस्ने ।

भिक्षुहरूको नियम अनुसार शौचालयमा लोटाबाट पानीको काम लिइसकिए पछि लोटा वा कुनै भाँडा घोप्टचाइ यथा स्थानमा राखेर आउनु पर्दछ। एक दिनको कुरो हो धर्म कथिक ग्रूपको नायकको प्रमाद वस शौचालयमा दिशा बसी लौटामा पानी बाँकी राखेर त्यसै छाडेर आयो। एकछिन पछि विनय धर ग्रूपको नायक शौचालय भित्र गयो। लोटा नियमित रूपले राखेको नदेखेर, बाहिर आएर सूत्रधर र धर्म कथिकका नायकलाई भन्यो– 'हेर तिमीले आपत्ति जनक काम गऱ्यौ।' अनि त्यसले गल्ती स्वीकार गरेर क्षमा माग्यो, हो वा यो त आपत्तिको कुरा हो अर्थात मेरो भूल हो। तर त्यो विनयधरले आफ्ना शिष्यहरूलाई यसो भन्न पुग्यो– यो कस्तो कुरो ! फलाना भिक्षु त अरूलाई कथा भन्न मात्र जान्दो रहेछ तर नियम एउटै पालन गर्न नजान्ने रहेछ इत्यादि रूपले शौचालयको घटनाको कुरो सबै भन्यो। उनका शिष्यहरू सूत्र धरका शिष्यहरू यहाँ गएर तिमीहरूका गुरू राम्रोसंग कथा भन्न मात्र जान्ने रहेछ आफुले चाहिं नियम पालन गर्न नजान्ने रहेछ इत्यादि रूपले गिज्याई हिंडेछ। यो कुरा हो होइन भनी सूत्रधरका शिष्यहरूले आफ्ना गुरूसंग सोध्न गए। गुरूले भन्यो-हो मेरा भूल हो भनेर मैले क्षमा समेत मागिसकें तब फेरि आफ्ना शिष्यहरूलाई त्यसो भनेछ होइन ? मैले क्षमा मागें, उनले क्षमा दिइसकेर पनि फेरि यस्तो वाइयात कुरा गर्ने कस्तो विनय धर।

यही कुरो यताकाहरूले त्यो विनय धरका शिष्यहरूलाई भन्यो तिमीहरूका गुरू नियम पालनत खूव गर्ने रहेछ तर क्षमा माग्नेलाई माफी दिइसकेपछि पनि फेरि-फेरि दोहऱ्याएर बस्ने कस्तो रहेछ इत्यादि रूपले कलहको बिउ पलाएर आयो । फल स्वरूप दुवै तिर आफू-आफूमा सूत्र धर र विनय धर भन्ने पनि विर्स्यो साथै शान्ति नायक तथागतलाई पनि भूल्यो । सारा अनुयायीहरू दुई हूलमा बाडिंए । तथागत स्वयं जानु भै यो कलह मिलाउन खोज्नु भो तर असफल । उल्टो भिक्षुहरूले तथागतलाई के भने– तपाई आफ्नो काममा पाल्नु होस्, हाम्रो काम हामीनै हेर्छौं इत्यादि । अनि तथागत हृदयमा धक्का पुग्न गयो । यस्ता भेडाहरूसंग पनि बस्नु के भनी कसैलाई केही नभनी एक्लै जङ्गलमा जानुभो । अनि भिक्षुहरू तथा अन्य उपासको पासिकाहरूले तथागतको दर्शन गर्न पाएनन् । सबैले मनमा राखे– “यी झगडालु भिक्षुहरूकै कारणले तथागतको दर्शन भएन । यी झगडालु श्रमणहरूलाई दान पनि नदिने, सत्कार पनि नगर्ने, मुख पनि हेर्न नजाने ।[1]

दाताहरू कोही पनि आएन, खान नपाउने भएर आयो अनि झगडालुहरूलाई आपत भयो । आफ आफै मिल्ने कुरा हुन थाल्यो । तथागतको दर्शन विना खान नपाउने भयो ।

१ विनयपिटक

हामी सबै एकै साथ शास्ता कहाँ गएर क्षमा माग्न जान पऱ्यो, मिली सक्यौ भन्न जान परयो ।

तथागतको शिष्यहरू कलह भएकोवेला स्वयं आफूले झगडा छिन्न सकेन, खान नजुडेपछि मात्र झगडा छिनियो । त्यसैले यो जीवनसंग आर्थिकको घनिष्ट सम्वन्ध छ । नैतिकता पनि आर्थिकमा धेरै निर्भर पर्दछ । ❀

# उत्थान र पतनको कारण

गौतम बुद्धले जीवन सुखमय गर्नको लागि मानिसलाई चार प्रकारको आवश्यक छ, त्यस्तै त्यो सुख प्राप्तिको लागि चार चीज-परीश्रम, सुरक्षा, सच्चा सत्संग र आम्दानी हेरी खर्च गर्ने नभै नहुने भनी आज्ञा गर्नु भएको मात्र होइन, सामाजिक जीवन उत्थान र पतनको बारेमा पनि ठाउँ ठाउँमा उपदेश दिनुभएको त्रिपिटकमा जतातत्तै देखिन्छ । त्यस्तो उपदेशले गर्दा - साधारण जन जीविका गर्ने बढता उताउलो र विलासिता भइरहनुको दोष, एकता, कृतज्ञता, आफ्नो अस्तित्व बचाएर बस्ने अनि परोपकारको महत्व जान्न सजिलो भयो सिंगालोवाद सूत्र अध्ययन गरेर[1] हेर्दा माथि लेखिएका कुरा एकै चोटी छर्लङ्ग देखिन्छ । त्यो सूत्रको साराशं यस प्रकार छ–

---

१ दीघनिकाय पृष्ठ १३९ नालंदा पाली

गौतम बुद्ध नगर नगरमा, गाउँ गाउँमा भ्रमण गर्दै राजगृहमा बस्नु भइरहेको थियो । त्यसवेला सिंगाल (श्रृगाल) नामको गृहपति पुत्र सवेरै उठेर जिउ भिजाउँदै, पूर्व दिशा, दक्षिण पश्चिम र उत्तर दिशा, तल र माथिको दिशा-नाना दिशालाई नमस्कारगरी बस्यो । गौतम बुद्धले सोध्नु भो– गृहपति पुत्र ! तिमीले किन बिहानै जिउ भिजाउदै (नुहाउने वित्तिकै) नाना दिशा नमस्कार गरिरहेको ?

भन्ते ! मेरो पिताजीले देहान्त हुने वेलामा मलाई भनी जानुभएको छ– पुत्र, नाना दिशालाई नमस्कार गर्नु पर्दछ । त्यही पिताजीको वचनलाई पालन गरी, आदर राखी यो मैले नाना दिशालाई पूजा गरिरहेको हो ।

"गृहपति पुत्र ! आर्य धर्ममा यसरी छ वटा दिशा नमस्कार गरिंदैन ।" यसरी नाना दिशालाई पूजा गरेर पुण्य प्राप्त हुँदैन)

"भन्ते ! आर्य धर्ममा कसरी छ वटा दिशा नमस्कार गरिन्छ, केगर्नु पर्ने हो आर्य धर्ममा आज्ञा गर्नु होस् ।"

"उसोभए गृहपति पुत्र ! राम्ररी सुन, वुझेर मनमा राख । आर्य श्रावकहरू चार वटा कुकर्मबाट छुटेर बसेको हुन्छ । चार कुकर्म के के भने ? (१) पाणातिपात (हिंसा) (२) अदत्ता दान (चोरी कर्म) (३) मुसावाद (झूठ कुरो) (४) काममिच्छाचार (=ब्यभिचार) र भ्रष्टाचार आर्य श्रावकहरूले यी चारवटा कर्म क्लेशबाट छुटनु पर्दछ ।"

चार अगति पाप कर्म पनि गर्दैन । त्यो चार अगति के ?

(१) छन्द (=स्वेच्छाचार र पक्षपात) को बाटोमा गएर पाप कर्म गर्छ ।

(२) दोस (=द्वेष) को बाटोमा गएर मानिसले पाप कर्म गर्छ ।

(३) भय = भय हुने बाटोमा गएर पाप कर्म गर्छ ।

(४) मोह (=मूर्ख) मोहको बाटोमा गएर पनि अगति जान्छ । गृहपति पुत्र आर्य श्रावक न स्वेच्छाचारको बाटोमा जान्छ न द्वेषको बाटो, न भयको बाटो न मोहको बाटोमानै जान्छ । अतः यो चारै ठाउँबाट पाप कर्म गर्दैन ।

६ वटा अपाय्मुख (=विनाशको कारण) सेवन गर्न हुदैन

(१) सुरामेरय मज्जप्पमादट्ठानुयोगो (=जाँडा रक्सी आदि सेवन गर्नु)।

(२) विकाल विसिखा चरिया (=कुटायममा गल्ली गल्ली डुल्न जानु) ।

(३) समज्जाभिचरणं (=अयोग्य नाटक गीत आदि हेर्न जानु ।

(४) जूतप्पमादट्ठानानुयोगो (=जुवा खेल्नु) ।

(५) पापमित्तानुयोगो (=मूर्ख र पापीहरूको संगत) ।

(६) आलस्सानुयोगो (=अल्सी भएर बस्नु) ।

गृहपति पुत्र जाँड रक्सी खानुमा ६ प्रकारको हानि हुन्छ । यथा–

(१) तत्कालै धनको हानि ।

(२) झगडा (कलह) बढने ।
(३) झगडाको घर हुने ।
(४) बदनाम हुने ।
(५) लज्जा भनेको नहुने ।
(६) पञ्ञा (=बुद्धिलाई दुर्वल गरिदिन्छ)

गृहपति पुत्र ! विकालमा (=कुसमयमा) गल्ली गल्ली घुम्दा ६ प्रकारको हानि हुनेछ–

(१) आफू स्वयं सुरक्षित र गुप्त हुँदैन ।
(२) त्यसको स्त्री, छोरा छोरी पनि सुरक्षित हुँदैन ।
(३) त्यसको धन सम्पत्ति पनि सुरक्षित हुँदैन ।
(४) नराम्रो काममा लागेको भनी मानिसमा शंका हुन्छ ।
(५) आफूले नगरेका नराम्रो काममा पनि आफू पर्न जान्छ ।
(६) धेरै नै नचाहिंदो झंझट बोकेर बस्नुपर्ने हुन्छ ।

गृहपति पुत्र ! नाच आदि हेर्न जाँदा छ किसिमको दोष हुन जान्छ–

(१) आज कहाँ नाच छ ! भनी हेरी हिडने ।
(२) कतै गाना गाइरहेको छ कि भनी कल्पना हुने ।
(३) कतै वाद्य (बाजा) बजाइरहेको छ कि भन्ने मात्र मनमा हुने ।
(४) कतै यस्तै प्रकारको ब्याख्या भैरहेको छ कि भन्ने शंका हुने ।
(५) कतै ताली बजाई ताल दिइरहेको छ कि भन्ने कल्पना हुने ।

(६) कही त्यस्तै नै नाच विशेष हेर्दा मात्र समय र धनको वरवाद भैरहने ।

गृहपति पुत्र ! जुवा आदि बारमासि खेल्ने ठाउँमा भूलेमा छ दोष लाग्दछ–

(१) जीत भएमा दुष्मनहरू बढेर आउने ।

(२) हारेमा हारिएको धनको चिन्ता हुने ।

(३) तत्काल धनको नोक्सान ।

(४) कतै सभामा जाँदा त्यस्को वचन कसैले विश्वास गर्दैन ।

(५) साथीभाइ र इष्टमित्रहरूले वास्ता राख्दैन ।

(६) यो जुवारी मानिस हो, यस्ले जहान पालेर खादैन भनि विचार गरी कुटुम्बले केटी दिदैन ।

गृहपति पुत्र ! दुर्जनहरू संग संगत गर्दा ६ प्रकारको दोष आइलाग्छ–

(१) धुर्त (=छलकपट गर्ने)

(२) रक्स्याहा (=मानिसै होइन जस्तो गरी मात्तेर हिड्ने)

(३) तृष्णा प्यासी (=ब्यभिचारी र लोभी)

(४) गुण नजान्ने (=स्वार्थ पूर्ति भएन कि लात हान्ने- वैगुणी)

(५) ठग (=अरूलाई धोखा दिने)

(६) साहसिक बदमास हुने, त्यस्तै बदमासमात्र साथी पाइने गृहपति पुत्र ! अल्सी हुनुमा ६ दोष छ–

(१) अहिले सारैनै जाडो भनी मनमा राखेर काम गर्दैन ।

(२) अहिले सारै नै गर्मी भनी काम गर्दैन ।

(३) सारै अबेला भो भनी काम नगर्ने ।

(४) ज्यादै सबेर छ भनी काम नगर्ने ।

(५) खूब भोक लाग्यो भनी काम गर्दैन ।

(६) भर्खर धेरै खाए, पेट गऱ्हुंगो भैरहेछ भनी काम गर्दैन यस प्रकार गर्नु पर्ने काम नगर्नाले नभएको धन भएर आउदैन, भएको पनि नाशेर जाने हुन्छ ।

गृहपति पुत्र ! निम्नोक्त ब्यक्तिहरू साथी भए पनि शत्रु सम्झनु पर्दछ–

(१) अञ्ञदत्थु हरो = अर्काको धन लिने ।

(२) वचीपरमो = केवल गफ मात्र हाक्ने ।

(३) अनुप्पिय भाणी = सदैव अप्रिय मात्र कुरा गर्ने ।

(४) अपाय सहायो = विनाशको काममा घचेटने ।

चार कारणले अर्काको धन लिनेलाई चिन्नु पर्दछ–

(१) खालि हात गएर साथीको घरमा भएको लिइजाने ।

(२) अमूल्य वस्तु दिएर मूल्यवान चीज लिएर जाने

(३) आफूलाई आपद पर्दा भने नोकर समान काम गर्ने ।

(४) जहिले पनि आफ्नो स्वार्थको लागि सेवा गर्ने ।

'**वची परम**' बढता कुरा गर्नेको चारवटा अमित्र लक्षण छ–

(१) कुरा मात्र गरेर हिडनेले आफ्नो साथीले केही काम पऱ्यो भन्दा लौ बा !! एकछिन अगाडि भनेको भए त्यति गरिदिन सक्ने थिएँ भनी पछि हटिदिन्छ । "**अतीतेन पटिसन्थरति**"

(२) त्यसरी पछि हटन अप्ठ्यारो भएमा "**अनागतेन पटिसंथरति**" = पछि गरिदिन्छु भनी हटने हेर्रछ ।

(३) त्यसो गर्न नभएमा "**निरत्थकेन सङ्गण्हाति**" = काम नलाग्ने चीज दिन्छ ।

(४) तुरन्तै आफूले सजिलै गर्न सक्ने काममा भ्याउँदैन भनी ठग्ने "**पच्चुप्पन्नेसु किच्चेसु व्यसनं दस्सेति**" ।

जहिले पनि नरम र सफासंग कुरा गर्नेको पनि चार अमित्र काम छ –

(१) नराम्रो काममा पनि सहमत दिन्छ ।

(२) अशल काममा पनि अनुमति दिन्छ ।

(३) सामु पर्दा अगाडि प्रशंसा गर्दछ ।

(४) पछाडि निन्दा गरिरहन्छ ।

नराम्रो काममा बल दिनेको चारवटा अमित्र लक्षण छ-

(१) रक्सी पिउनेमा बल दिन्छ ।

(२) कुटायममा शहरमा दुल्न जान साथी बन्दछ ।

(३) नाच गान हेर्न जान प्रोत्साहित गर्छ ।

(४) जुवा खेलमा सहयोग दिन्छ ।

चार प्रकारको मित्रहरू सत्संग गर्न लायक हुन्छ–

(१) उपकार गर्ने ।

(२) सुख दुःखमा समान रूपले भरोसा दिने ।

(३) धन लाभ हुने उपाय बताउने ।

(४) अनुकम्पा राख्ने ।

उपकारक मित्रको चार लक्षण हुन्छ–

(१) आफ्नो साथी नराम्रो ठाउँमा बिग्री रहेको भए त्यसलाई सुधारेर रक्षा गरिदिन्छ ।

(२) प्रमादी साथीको सम्पतिको रक्षा गरिदिन्छ ।

(३) भयभीत हुँदा शरण दिन्छ ।

(४) काम परि आउँदा डब्बल त्यसलाई काम गरिदिन्छ ।

सुखदुखमा समान रूपले ब्यवहार गर्ने मित्रको चार लक्षण छ–

(१) आफ्नो रहस्य साथीलाई भन्छ ।

(२) साथीको गुप्तकुरा गोप्य गरी राख्छ ।

(३) आपत विपत पर्दा साथीलाई छाड्दैन ।

(४) परेको बेला ज्यान दिएर पनि साथीलाई रक्षा गर्छ ।

लाभदायक कुरा गर्ने मित्रको चार लक्षण छ–

(१) पाप कर्मबाट बचाइदिन्छ ।

(२) साथीलाई अशल बाटोमा लगाउँछ ।

(३) कहिल्यै नसुनेको अशल कुरा सुनाउँछ ।

(४) जीवन स्वर्गमय बन्ने वाटो देखाउँछ ।

अुनकम्पा राख्ने मित्रको चार लक्षण छ–

(१) साथी अनाथ हुने बेलामा आफू पनि अनाथ सम्झन्छ ।

(२) साथी सुखी भएमा आफू पनि सुख सम्झन्छ ।

(३) साथी अवगुण भन्नेलाई रोकी दिन्छ ।

(४) भएको कुरामा प्रशंसा गर्दा प्रशंसा थपी दिन्छ ।

उपरोक्त तथ्यहरूमा अरू केही नभए पनि जीवन र आर्थिक उत्थानको एउटा कारण अशल मित्रको परिचय पाउने र पतनको कारण मित्र पनि शत्रु हुने कुरा गौतम बुद्धले बताउनु भएको स्पष्ट देखिन्छ । यो मानव समाजलाई उपयोगी शिक्षा हो भन्ने कुरा भनिरहनु नपर्ला । सामाजिक जीवन सुखमय गर्न सक्ने नै यस्ता उपदेशहरूले हो । विना इमान्दारीले कुनै काम पनि सफल हुँदैन । बेइमान भएर एकपटक आर्थिक उन्नति भएता पनि त्यस्को पतन अवश्यम्भावि हो ।

यस्त नै सामाजिक जीवन उत्थान र पतन हुने धेरै शिक्षा पराभव सूत्रमा पनि दिइराख्नु भएको छ । त्यसै सूत्रमा भएको बाह्र प्रकारको कारण यहाँ उल्लेख गरिएको छ–

(१) कुनै ब्यक्तिले धर्म (न्याय) को इच्छा गरेन भने त्यो पतन हुनुको मूल कारण हुन्छ ।

(२) जस्लाई शान्तिजन अप्रिय र अशान्तिहरू प्रिय हुन्छ, धर्म पनि रूचि हुँदैन त्यो पनि एउटा पतनको कारण हो ।

(३) जो सदैव सुती मात्र रहन्छ, कुरा मात्र गरिरहन्छ, अल्सी भएर बस्तछ, क्रोध मात्र, निकाली रहन्छ, त्यो पनि पतनको कारण हो ।

(४) जस्ले समर्थ भएर पनि सम्पति भएर पनि आमा-बाबुलाई पालन गर्दैन, त्यो पनि पतनको कारण हो ।

(५) जस्ले श्रमण, ब्राह्मण अथवा अरू कुनैयाचकलाई नभएको कुरा गरी फकाउँछ त्यो पनि पतनको कारण हो ।

(६) जस्ले आफूसंग धन सम्पत्ति प्रशस्त भए तापनि आफू एक्लैले मात्र भोगी रहन्छ त्यो पनि पतनको कारण हो ।

(७) जस्ले जाति, कुल र धनको अभिमानले गरी आफ्ना इष्ट मित्र नाता कुटुम्वलाई वास्ता गर्दैन त्यो पनि पतनको कारण हो ।

(८) रण्डीवाजी, रक्स्याहा र जुवाडी भएर लाभ भएको सबै फ्याँक्दछ, त्यो पनि पतनको कारण हो ।

(९) आफ्नी स्त्री संग सन्तुष्ट नभै परस्त्री वा वेश्याहरू कहाँ भूल्न जानु पनि पतनको कारण हो ।

(१०) जस्ले बुढा भै सक्दा पनि भर्खरकी युवतीसंग विवाह गरी तिनले अर्को युवक संग सम्वन्ध राख्छ कि भनी निद्रा नआउने गरी त्यसै कुरामा चिन्तित भएर बस्छु, त्यो पनि पतनको कारण हो ।

(११) लोभी आइमाई वा पुरुष जस्ले मालिक गर्दछ त्यस्तालाई भण्डारको साँचो दिएर घरको संरक्षक बनाउँछ, त्यो पनि पतनको कारण हो ।

(१२) जो सारै नै लोभी र गरीब भएर क्षत्रिय कुलमा जन्म लिई राज्यको इच्छा गर्दछ भने त्यो पनि पतनको कारण हो ।

यहाँ संक्षिप्त भए पनि देखाइ राखेका कारणको बारेमा एक पटक राम्ररी विचार गरी हेर्दा कसैलाई कुनै प्रकारको विनाश र पतन नभैकन जीविका गर्ने उपाय पनि छन् भन्ने स्पष्ट देखिन्छ ।

समाज जीवन सभ्यतापूर्ण गराई विताउनको लागि जान्नु पर्ने कतिपय कुरा "वसल सूत्रमा" पनि समावेश भएको छ ।

त्यो सूत्रको नाम "वसल सूत्र" भएको नै त्यस्मा वसल (=चण्डाल) कसलाई भनिन्छ भनी देखाई राखेकोले हो । कारण एक पटक अग्गिक भारद्वाज जो अहंकारले अन्धा भएर बसेको ब्राह्मणले गौतम बुद्धलाई वसल (=चण्डाल) भनी निन्दा अपहास गरे । यस्तो निन्दाको पर्वाह नगरी तात्कालिन समाजमा (अझै बाँकी छ) जन्मै देखि ब्राह्मण ठूलो र श्रेष्ठ हो भन्ने मिथ्या र खुकुलो विश्वासलाई बज्र प्रहार दिएर कुनै ब्यक्ति ब्राह्मण र चण्डाल हुने जन्मले होइन त्यस्को कामले हो भनी प्रमाण देखाउन निम्नलिखित उपदेश आज्ञा भएको हो ।[1]

(१) झोंकि (मनमा बैरको पोको राख्ने) गुण नजान्ने, अर्काको दोषमात्र खोजी हिडने पापी चण्डाल हो ।

---

१ श्री ५ महाराजाधिराज महेन्द्रले पनि यस्तै सिद्धान्त लिइबक्सी "नयाँ मुलुकी ऐन" मा छुनु नहुने भनेको छैन, च्यामे पनि मान्छे हो भनी सबैलाई समान गरी बक्सेको कुरा सराहनीय छ ।

(२) प्राणिहरूको उपरमा दया नराखी हिंसा गर्ने चण्डाल हो ।

(३) गाउँ र शहर (स्वार्थको लागि) सिपाहीद्वारा वा कुनै प्रकारले नाश गर्ने चण्डाल हो ।

(४) गाउँमा होस् वा शहरमा अर्काको चोरी, खोसी, (शोषण) लिने चण्डाल हो ।

(५) अरूसंग सापटी लिई, साहुले माग्न आएको बखत तिमीसंग मैले सापटी लिएकै छैन भनी भाग्ने वा नदिने चण्डाल हो ।

(६) जस्ले कुनै वस्तुको लोभमा बाटोमा हिडिरहेकालाई मार्दछ त्यो पनि चण्डाल हो ।

(७) साक्षि बक्दा आफ्नो कारणले होस् वा अरूको कारणले होस् अथवा धनको लोभले झूठ कुरा गर्ने चण्डाल हो ।

(८) आफन्त पर्ने वा अरू साथीहरूको स्त्रीलाई जवरदस्ति गर्ने अथवा क्षणिक परस्पर प्रेमको कारणले ब्यभिचार गर्ने चण्डाल हो ।

(९) आफूसंग सामर्थ्य र धन भैकन पनि वृद्ध माता पितालाई पालन नगर्ने चण्डाल हो ।

(१०) आमा-बुबा तथा दाजु भाई, सासु-सुरालाई कुटने वा वचनले प्रहार गर्ने चण्डाल हो ।

(११) अशल कुरा सोध्नेलाई झूठ कुरो बताउने वा नबुझ्ने तरिकाले भन्ने चण्डाल हो ।

(१२) आफूले गरेको पापकर्म अरूले थाहा नपावोस् भनी गुप्त राख्ने चण्डाल हो ।

(१३) अरू कहाँ जाँदा मीठो-राम्रो खाएर उनीहरू आफू कहाँ आउँदा खान पिन नदिइ सत्कार नगर्ने चण्डाल हो ।

(१४) खाईरहेको बेला उपस्थित हुन आउने ब्राह्मण अथवा श्रमणलाई केही नदिइ हक्कारेर पठाउने चण्डाल हो ।

(१५) मोहको बशमा परी कुनै झूठ कुरा गर्ने अर्काको वस्तु ढाँटी लिने चण्डाल हो ।

(१६) आफ्नो अभिमानले गर्दा अरूलाई नीच गरेर, आफू मात्र माथि बसी कुरा गर्ने चण्डाल हो ।

(१७) कठोर कुरा गर्ने, कंजूस, आफूसंग नभएको भए जस्तो ठस्सा गरी हिडने, लोभी, नराम्रो काम गर्न निर्लज्ज चण्डाल हो ।

(१८) बुद्धलाई र उनका श्रावकहरूलाई अथवा परिव्राजक र गृहस्थोपासकहरूलाई (विना कारण) अपवाद गर्ने चण्डाल हो ।

(१९) आफू अर्हत नभैकन "**अर्हत**"[१] हुँ भन्नेलाई ब्रह्मलोक सहित जगतको चोर मात्र होइन महा चण्डाल पनि त्यसैलाई भन्दछ ।

(२०) न जन्मले (कोही) चण्डाल हुन्छ, न जन्मले ब्राह्मण नै हुन्छ, कामैले चण्डाल तथा कामैले ब्राह्मण हुन्छ ।

---

१ अर्हत्– कुनै पनि पाप मनमा नराख्ने निस्वार्थ श्रेष्ठ व्यक्ति ।

उपर्युक्त बुद्ध संदेश एकपटक राम्ररी बिचार गरी हेर्दा तत्कालीन समाजमा धेरै कमजोरी, जाति भेद र अशिष्ट खालका मानिसहरू रहेछ भन्ने कुरा बुझिन्छ । त्यसतो कुबानीले गर्दा समाज उत्थान मात्र होइन आर्थिक उन्नति हुनलाई समेत् बाधा भैरहेको कुरा आज पनि छर्लङ्ग देखिरहेको छ । पच्चीस सय बर्ष पहिले उपदेश गर्नु भएको कुरा आज सम्म नेपाली समाजलाई समेत् राम्ररि मिलेकै छ । हाम्रो देशमा भारतमा मात्र होइन अरू अरू देशमा पनि खोक्रो मानले गम्केर मानिसलाई शोषण गरी रहेकाहरू छुँदैछ ।

यहाँ ब्राह्मण जाति प्रति घृणा राखेर होइन कि समाजमा उनीहरू सर्वे सर्वा र ठूलो भएकोले समाजमा शोषण कार्य झन प्रबल रूपमा देखिएकोले अत्याचार जीवनलाई प्रहार गर्नु भएको छ । यी माथिका सिंगालोवाद सूत्र, पराभव सूत्र र वसल सूत्रमा मानव समाजलाई उत्थान र पतनको वारेमा अत्यन्त राम्रोसंग व्याख्या गरी, कारण देखाउनु भएको छ ।

❀

# स्वतन्त्र चिन्तन
## बुद्धको उच्च विचार

गौतम बुद्धको धेरै विशेषता छ । त्यस मध्यमा एक हो स्वतन्त्र चिन्तन । मानव समाजको विकासको निमित्त स्वतन्त्र चिन्तन परमावश्यक छ । संसारमा अरू कुनै पनि गुरूहरूले नदिएको स्वतन्त्र चिन्तन गौतम बुद्धले आफ्ना अनुयायी श्रावकहरूलाई दिनु भएको छ । यो एउटा अतुलनीयको वहाँको गुण हो । बुद्धले अरूले जस्तो आफूलाई आफैले कहिल्यै सर्वज्ञ भन्नु भएन । न वहाँले भन्नु भयो “मैले भनेको सबै सत्य हो, अरूको असत्य ।” अरू अरूका गुरूजन (शास्ता) हरूले त आफ्नै उपदेशलाई मात्र सत्य हो भनी विश्वास गरयो भने, मेरो शरण आए मात्र दुःखबाट मुक्त हुन्छ अन्यथा हुँदैन भनी भन्ने ठाउँमा बुद्धले त – मैले भनेको भनी आँखा चिम्लेर विश्वास गर्नु पर्दैन भनेर कालामलाई उपदेश गर्नु भएको कुरा अंगुत्तर निकायमा छ । त्यही कुरा स्पष्ठ गर्नको लागि यहाँ केही उद्धरण गरिएको छ ।

एक दिनको कुरो हो, गौतम बुद्ध भिक्षु संघ सहित कोसल जनपदमा बहुजन हितार्थ चारिका (भ्रमण) गर्न जानु भएको बेलामा कालामहरूले वहाँ तथागतलाई नमस्कार गरी नजिकै एक छेउमा बसी आफ्नो आफ्नो परिचय दियो । कुशल वार्ता पश्चात कालामहरूले बुद्धलाई भन्यो–

"भन्ते ! कुनै कुनै श्रमण ब्राह्मण भनी यहाँ केश पुत्र गाउँमा आउँछ, आफ्नो आफ्नो मत (धर्म) मात्र माथि पारेर कुरा गर्छ, अरूहरूको मत (वाद) लाई खण्डन गर्छ (मतलव आफ्नो मात्र सत्य अरूको असत्य) यस्ले हामीलाई शंका र भ्रम हुन्छ कि कस्ले भनेको कुरा सत्य हो, कस्ले भने को झूठा ।"

"हे कालम ! शंका गर्ने र हुने ठाउँमा शंका भयो, ठीक हो । यस प्रकारको भ्रम हुनु स्वाभाविक छ । शंका उत्पन्न हुने ठाउँमै शंका उत्पन्न भयो ।"

हे कालम ! तिमीहरूले कसैको कुरा चाहे बुद्धको होस् केवल यस्तो कारणमा स्वीकार नगर्नु–

(१) यो कहिल्यै नसुनेको हो (अनुस्सवेन-अनुश्रुत)

(२) परम्परागत हो (परम्पराय)

(३) यो यस्तै नै भनी राखेको हो (इति किराय)

(४) हाम्रो धर्म ग्रन्थमा मिल्दछ (पिटक सम्पदानेन)

(५) यो तर्कानुकुल हो (तक्क हेतु)

(६) यो न्यायानुकूल छ (नय हेतु)

(७) यस्को आकार प्रकार ठीक छ (आकार परि वितक्केन)
(८) यो हाम्रो विचार संग मिल्छ (दिट्ठि निज्झानक्खन्ति या)
(९) यो मानिस राम्रो, आकर्षिलो छ (भब्बरूपताय)
(१०) उपदेशक श्रमण हाम्रो पूज्य हो (समणो नो गरूति)

हे कालम ! जस्तो सुन-चाँदि आगोमा परीक्षा गरी हेर्ने हो, त्यस्तै जुनसुकै, कसैको कुरा पनि आफ्नो स्वतन्त्र दिमागले जाँचेर नहेरे सम्म विश्वास नगर । आफ्नो दिमाग रुपी तराजुमा तौलेर यो अशल हो, भविष्य सम्म हित हुने हो, जीवनमा उपयोगी हुने हो, सधैंलाई मिल्ने र पालन गर्न सक्ने हो भनी बुझिन्छ भने मात्र स्वीकार गर ।[1]

एउटा अर्को पनि स्वतन्त्र चिन्तनको बारेमा तथागतको उच्च विचार उपालि-सूत्रमा[2] समावेश भएको छ । जस्को सारांश यहाँ उल्लेख गरिएको छ–

एक समयमा तथागत बुद्ध नालन्दामा पावारिक आम्र बगैंचामा विहार गरी बस्नु भएको थियो । त्यसबेला निगन्थनाथ पुत्रको प्रमूख शिष्य उपालि भन्ने तीर्थकर गौतम बुद्धकोसंग शास्त्रार्थ गर्न आयो । शास्त्रार्थमा हारे । अनि उपालिले बिन्ति गऱ्यो ।

भन्ते, तपाईको पहिलो उपमाले नै म सन्तुष्ट भए । विचित्र प्रश्नको व्याख्या सहित सरल तरिकाले उत्तर दिनु

---

१ अंगुत्तर निकाय

२ मज्झिम निकाय

भयो । आश्चर्य भन्ते !! अद्‌भुत भन्ते !! जस्तो कि बाटो भूलेकालाई बाटो देखाए जस्तै, अन्धकारयुक्त ठाउँमा वत्ति वाली दिए जस्तै भयो । आजदेखि तपाईको शरणागत उपासक सम्झनु हुनेछ ।

भगवान बुद्धले आज्ञा गर्नुभयो– गृहपति, राम्रोसंग विचार पुऱ्याएर काम गर्नु पर्छ । तपाई जस्तोले स्पष्ट बुझीकन मात्रै अगाडि पाइलो सार्न उचित हुन्छ ।

भन्ते, तथागतको यो वाक्य सुनेर म झनसार सन्तुष्ट र प्रसन्न भए, जुन कुरो भगवान स्वयंले मलाई भन्नु भयो- “गृहपति ! राम्ररी विचार गरी मात्र काम गर्नु पर्दछ ।” भन्ते, अरू तीर्थकरहरूले म जस्तो श्रावक भएको बेला सम्पूर्ण नालन्दामा ध्वजा पताका फहराउँथ्यो– उपालि गृहपति (सेठ) हाम्रो श्रावक भयो । अर्थात हामी पट्टि लागे । परन्तु गौतम बुद्धले त मलाई भन्नु भो राम्रो संग वुझेर मेरो, शरण आऊ । भन्ते, म यो दोश्रो पटक तपाईको शरणमा आएँ ।

गृहपति, तिम्रो घर र परिवार धेरै वर्ष निगन्थहरूको जजमान भै सकेकोछ, त्यसैले उनीहरू घरमा आउँदा यिनीहरूलाई दान दिन्न, सत्कार पनि गर्दिन भनी यस्तो कुरा मनमा कहिल्यै नराख ।

भन्ते, यो तपाईको वचनले त झनसारैनै मलाई प्रभावित गरयो, मेरो मन बलियो र दृढ भयो । मैल सुनी राखेको त श्रमण गौतमले यस्तो उपदेश दिनु हुन्थ्यो कि-

मलाई मात्र दान देऊ अरूलाई न देऊ। तर तथागतले मलाई भन्नुभो-निगन्थहरूलाई पनि दान दिनू। यसवाट थाहा पाइन्छ भगवान उदार तथा श्रेष्ठ हुनु हुन्छ। भन्ते, म तेश्रो पटक पनि तपाईको शरणमा आएँ।

तथागत शास्ताले आफ्ना शिष्यहरूलाई यस्तो पनि आज्ञा गर्नु भएको छ- मेरो धर्म (सन्दिट्ठिक) यही जीवनमा फल दिने हो। दु:खवाट मुक्त हुने भए पनि तिमीहरूलाई बोझ भए,कष्ठ भए मन नपराई समाती राख्नु पर्दैन, "**कुल्लुपमाहं भिक्खवे धम्मं देसेमि, नित्थरणाय नो गहणाय,**"[1] अर्थात् मैले तिमीहरूलाई डुंगा (नाउ) जस्तै धर्म उपदेश गरें, नदी पार भएर जानलाई डुंगाको सहायता चाहिन्छ, पार तरिसके पछि त्यो डुंगा बोकेर हिडदैन।

भगवान बुद्ध परिनिर्वाण हुने बेलामा भिक्षुहरूलाई आज्ञा गर्नुभयो– भिक्षुहरू ! तिमीहरूलाई इच्छाभए, सबैलाई चित्त बुझेमा, म नभए पछि स-सानो सिक्खापद (विनय नीति) छोडे पनि हुन्छ। **आकङ्खमानो आनन्द सङघो ममच्चयेन खुद्दानु खुद्दकानि सिक्खापदानि समुहनेय्यं।**"[2] एवं प्रकारले आफ्ना अनुयायी श्रावकहरूलाई समयानुसार विनय नीति हेर फेर गरेर लै जाने मौका दिनु भएकोले वहाँ कतिको उदार तथा स्वतन्त्र प्रेमी हुनु हुन्छ भन्ने कुरा देखिन्न।

---

१ मज्झिम निकाय

२ चूलवग्ग

यसप्रकार स्वतन्त्र चिन्तनलाई बुद्धले महत्व पूर्ण स्थान दिनु भएपनि विनय पिटकको नियम अनुसारले सामाजिक परिवर्तनलाई ठाउँ दिनु भएन भन्ने कसै कसैको भनाई हो । तर यो विचार नपुगेको र नबुझेको कुरो भन्नमा अत्युक्ति नहोला । कसैले त्यस्तो किन भनेको भनी बुझाउनको लागि केही उद्धरण गर्न लागेको छ ।

**"न भिक्खवे राज भटो पब्बाजेतब्बो"**[१] अर्थात् भिक्षुहरू ! राज्यका फौजहरूलाई प्रव्रजित गर्नु हुँदैन ।

"न भिक्खवे दासो पब्बाजे तब्वो"[२] अर्थात् हे भिक्षुहरू ! दास (नोकरहरू) लाई भिक्षु गर्न हुँदैन ।

"न भिक्खवे इणायिको पब्बाजे तब्बो"[३] अर्थात् हे भिक्षुहरू ! ऋण भएकालाई भिक्षु गर्न हुँदैन । यही नियम देखेर बुद्धले सामाजिक परिवर्तन गर्नलाई ठाउँ दिएन भन्नु सीमित बुद्धिको फल हो, अनुचित पनि हो । गौतम बुद्धले स्थापना गर्नु भएको संघको संगठन त्यो भन्दा अगाडि कसैले, कही स्थापना गरेको छैन । सबै अनित्य, अनात्मा भनी आज्ञा गर्नु हुने भगवान बुद्धको धर्ममा समाज पनि अनित्य भन्ने कुरा भित्रेको हुनु पर्दछ, परिवर्तन हुनै पर्दछ । त्यसो भएता पनि वहाँले तत्कालीन गलत धारणालाई वदल्नको लागि जति प्रयत्न गर्नु भयो त्यति परिवर्तन गर्नलाई क्रियाशील

१ महावग्ग

२ महावग्ग

३ महावग्ग

हुनु नभएको यो मतलव होइन कि त्यसवेला समाज परिवर्तन गर्नलाई अप्ठचारो र अनावश्यक भएर होइन । बुद्धकालीन समाज दासहरूको श्रम शक्तिले पल्हाईरहेको समाज हो । त्यसैले तत्काल समाजलाई दास समाज अत्यावश्यक अङ्ग, भइरहयो । दासहरूको तर्फवाट मालिकलाई हुने भय नभइरहेको नै राज्य सेना र सिपाहीहरूले गर्दा हो । देशको रक्षा भइरहेको पनि पल्टन (सिपाहीहरू) ले गर्दा हो । त्यसैले सिपाहीहरू पनि समाजलाई अत्यावश्यक अङ्ग भइरह्यो । दास र सेला दुवै जीवित रहेको पनि सत्ताधिकार र भूमिपति आदि मुट्ठि भरको लागि हो, अनि मुट्ठि भरको आफ्नो आवश्यकको ती मानिसहरू मध्ये एक दुई जना मात्र घटेको देख्दैमा असह्य हुने कुरा स्वतः सिद्ध छ ।

कोसल राजाको दुई चार जना सेनाहरू भागेर गई भिक्षु हुन पुग्यो । त्यो कुरा थाहापाउने वित्तिकै सेनापतिले भिक्षुहरूलाई सारै नै निन्दा गरयो । यो कुरो राजाले न्याय मन्त्रीसंग सोध्यो– "राज्य सैनिकहरूलाई भिक्षु गर्नेलाई के दण्ड दिनु पर्दछ ?" न्याय मन्त्रीले भन्यो- अनुशासन गर्ने कर्म वाचाचार्यको जिव्रो टुक्राउनु पर्दछ । जुन संघसंग अनुमति लिएर भिक्षु गरेको हो, त्यो संघको करङ्ग (हड्डि) आधा आधी भाँचिदिनु पर्दछ ।[१]

तत्कालीन शासनको ऐन अनुसार यदि गौतम बुद्धले

---

१ महावग्ग

केही गरी दास र सेनाहरूलाई पनि भिक्षु गर्ने अनुमति दिनु भएको भए सरकार र बुद्धको बीचमा संघर्ष हुने सम्भव थियो । दास र सैनिक प्रब्रजित गर्ने काम नरोकिएको भए त्यसवेलाको सत्ताधारी राजनीतिज्ञ र पूँजीपतिहरूले सबै संघहरूको करङ भाँची दिदैन्थ्यो भनी भन्न सकिन्थ्यो ? यस्तो समाजमा शान्तपूर्वक समाज परिवर्तन गर्नलाई स्थान छैन भन्नु आश्चर्यको कुरो होइन । तल आउने घटना राम्ररी बिचार गरी हेर्दा आर्थिक परिस्थिति अनुसारले र ठाउँ हेरी पनि जीवन परिवर्तन हुने अनि साथै नियम पनि यसकारण हामीले कल्पना गर्न सक्छौ कि व्यक्ति वा समाज नियमको लागि होइन, बरू नियम ब्यक्ति र समाजको लागि हो । उदाहरणको लागि यौटा कुरा यहाँ उद्धरण गरिएको छ–

एकपल्ट अवस्थानुकूल बढतानै विनय (नियम) बनाउनु पर्दछ भन्ने कुरा सारिपुत्र महास्थविरको प्रार्थनालाई तथागतले अस्वीकार गरी आज्ञा गर्नु भयो– कुनै कारण नभैकन विनय नीति बनाउनु बुद्धि मानिता होइन, आवश्यकतानुसार मात्र नियम बनाउनु बेश हुन्छ ।[1]

गौतम बुद्धले प्रारम्भमा भिक्षुहरूको जीवन यापन गरेर नै जानको लागि “**अट्ठ परिक्खार**” आठ प्रकारको उपभोग वस्तु मात्र नियम बनाउनु भएको हो । ❀

१ विनयपिटक

# बुद्धको प्रजातन्त्र विचार, नियम मानिसलाई हो, मानिस नियमलाई होइन

१. अन्तरवासक – (तल बान्ने लुंगी )
२. उत्तरासंघ – (माथि ओडने खास्तो चीवर)
३. संघाटि – (दुईपत्र भएको खास्तो)
४. पिण्डपात – (भिक्षापात्र)
५. सूची – (सियो धागो)
६. कायबन्धन – (पटुका-पेटी)
७. खुर – (छुरा)
८. परिस्सावन – (पानी छान्ने कपडा)

उपर्युक्त आठ चीज नै अष्टपरिष्कार हो । चीवर पनि खोल्सा र स्मशान दिप (मृत संस्कार गर्ने ठाउँ) मा फ्याकिराखेको पंसुकुल (धुलोमा लटपटिएका) कपडा मात्र हो । न बस्नको लागि विहार आश्रमको ठेगाना छ, न खाने

कुराको टुंगो । जङ्गलको वृक्ष मुनी र गुफा (ठाउँ) नै बस्ने ठाउँ र फलफूल र कन्दमूलनै विशेष गरेर खाने कुरो थियो । कालान्तरमा भगवान बुद्धको कीर्ति झन् झन् फैल्यो वहाँको उपदेश सुनेर खूशि भएका मगधेश्वर बिम्बिसार राजाले आफ्नो बाँसको बगैचा (वेलुवन) मा विहार बनाई दिनु भयो । अनि गौतम बुद्धले भिक्षुहरूलाई आश्रममा बास गर्नु हुन्छ भन्ने अनुमति दिनु भयो ।[1]

एवंम् प्रकारले बुद्ध जीवित समयमा आर्थिक र सामाजिकस्थिति वदले अनुसार नै समय र ठाउँलाई सुहाउँदो किसिमले भिक्षु जीवन परिवर्तन भएर आएको कुरा विनय पिटक पढी हेर्दा स्पष्ट देखिन्छ ।

पहिले पहिले त भिक्षुहरूले गल्लि र स्मशानमा फ्याँकी राखेको कपडा बटुली पंसुकूल चीवर लाउने गर्थे । पछि जीवकको प्रार्थनानुसार गृहस्थहरूले दान दिएको चीवर (वस्त्र) पनि लगाउनु हुन्छ भन्ने बुद्धले अनुमति दिनु भयो– "**अनुजानामि भिक्खवे गहपति चीवरं। यो इच्छति पंसुकुलिको होतु। यो इच्छति गहपति चीवंर सादियतु। इतरी तरेनपाहं, भिक्खवे सन्तुट्ठि वण्णेमि।**" अर्थात् हे भिक्षुहरू ! गृहस्थहरूले दिएको चीवर चलाउने वा ग्रहण गर्ने अनुमति दिइरहेको छु । मनपरेकाले पंसुकुलिक भएर बस, इच्छा हुनेले गृहपति चीवर धारण गरेपनि हुन्छ । दुवै प्रकारका वस्त्र लगाए पनि

---

१ महावग्ग

म सन्तोष हुन्छु । यो  कुरो फैलने वित्तिकै अरू दाताहरूले पनि चीवर दान दिन ल्याउन शुरू गरे । कसै कसैले त भिक्षुहरूलाई चीवर दान दिन नपाएर फर्काएर लैजानु पर्थ्यो । कारण तीनवटा चीवर बाहेक बढता एक जनाभिक्षुले राख्न पाउदैनथ्यो । बढता दान लिने नियम बनाउनु भएन । त्यस पछि चीवर पटिग्गाहक (चीवर दान दिन ल्याएको लिइराख्ने) भिक्षु एक जना नियुक्त (मनोनीत वा चुनेर) गरी राख्ने अनुमति दिनु भयो । तर पनि चीवर राम्रोसंग संभाली राख्ने नभएर त्यसै भुंइमा थुपारी राखे । त्यसैले चीवर बिनाकाम बरवाद भएर गयो । चीवर हराएर गयो । यस्तो भएपछि पाँच गुणले युक्त भएका "चीवर निदहक" (वस्त्र संभालेर राख्ने) चुनेर राख्न पर्‍यो भनी तथागतले आज्ञा गर्नु भयो ।

"**सुणातु मे भन्ते सङ्घो, यदि सङ्घस्स पत्तकल्लं, संघो इत्थन्नामं भिक्खुं चीवर निदहकं सम्मन्नेय्य । एसा ञत्ति । सुणातु मे, भन्ते सङ्घो ! इत्थन्नामं भिक्खुं चीवर निदहकं सम्मन्नति । यस्सायस्मतो खमति इत्थन्नामस्स भिक्खुनो चीवर निदकस्स सम्मति सो तुण्हस्स, यस्स नक्खमति सो भासेय्य । सम्मतो सङ्घो इत्थन्नामो भिक्खु चीवर निदहको खमति सङ्घस्स तस्मा तुण्ही, एवमेतं धारयामीति ।**"[१] भिक्खुहरू मैले अनुमति दिन्छु कि पाँच

१ महावग्ग

गुणाले युक्त भएको (पतिग्राहक र चिवर निदहक) मनोनीत गर । ती पाँच गुण हुन् (१) स्वेच्छाचारी नभएको (२) द्वेषी नभएको (३) मोह मार्गमा नलागेको (४) भययुक्त वाटोमा नजाने र (५) लिइसकेका र नलिएकालाई चिन्ही राख्न सक्ने हुनु पर्दछ ।

चीवर विचार गरी राख्नेलाई कसरी चुन्ने ? पहिले योग्य जसतो लागेकालाई अरूले प्रार्थना गर्ने । योग्य भिक्षु भए संघलाई सूचना दिनु पर्दछ ।" यदि सङ्घले उचित सम्झन्छ भने फलाना भिक्षु चीवर निदहक' (विचारगरी राख्ने) मनोनीत गर्नु पर्दछ । यो सूचना हो । यदि कुनै आयुस्मान सदस्यहरू चित्त बुझेमा चूप लागी बस्ने, चित्त नबुझेमा आफ्नो विचार प्रकट गर्ने छ । यदि सबै मौन भएमा फलाना भिक्षु "चीवर निदहकको पदमा मनोनीत भयो भनी सर्व सम्मतिवाट पास हुन्छ ।"

चीवर भार लिने र चीवर विचार गरी राख्ने मनोनीत भए पनि चीवर राख्ने निश्चित ठाउँ नभएर सुरक्षाको ब्यवस्था भएन । त्यसैले चीवर वस्त्र राख्ने भण्डार (कोठा) बनाउने बुद्धले अनुमति दिई नियम बनाई दिनु भयो । त्यस पछि कोठा कुरने (पाले) एकजना पनि राख्ने अनुमति दिनु भयो । त्यस पछि के प्रश्न आयो भने चीवर पुरानो (च्यातिएर) भएपछि नयाँ लिन दिन पऱ्यो अनि भिक्षुहरूको विचमा कलह उत्पन्न भएर आयो । त्यसैले चीवर भाजक (वस्त्र बाँडिदिने) भिक्षु

एकजना पनि फेरी मनोनीत गर्ने अनुमति दिएर तथागतले नियम बनाउनु भयो ।[1]

चीवरको वारेमा मात्र पनि पटक पटक गरी नियम बनाएर लान परयो । यहाँ सम्झी राख्न लायक यो कुरो छ कि 'चीवर प्रतिग्राहक' 'चीवर निदहक चीवर भाजक' आदि समेत चुनाव भएको संघको अनुमति लिएर योग्य ब्यक्ति छानेर मनोनीत गर्ने सबै प्रजातन्त्रत्मक ढंगले हो ।

यी माथिका कुराले स्पष्ट थाहा पाइन्छ कि उपभोग वस्तु कम हुन् जेललाई नियम धेरै बनाउनु परेन । पछि श्रद्धावानहरूले दिएको चीवर लिन परेको वेला आर्थिक दशा र अर्थ नीति बदलेपछि अवस्थानुकूल र आवश्यकतानुसार नियम परिवर्तन गर्दै लान पऱ्यो ।

कालान्तरमा अवस्था र ठाउँ सुहाउँदो '**पञ्ञत्ति**' (उपनियम) बनाउनु पर्दा कुनै '**सिक्खापद**' (विनय नियम) कतिपटक बदल्नु परेको कुरा विनय पिटकमा सर्वत्र देखिन्छ । उदाहरण चाहिएमा "**गण भोजन सिक्खापद**" "समयानुसार र अवस्थानुकूल" सात पटक सम्म पनि अनुप्रज्ञप्रि बनाइ परिवर्तन गर्नु भएको छ ।[2]

कुनै कुनै विनय नीति प्रान्त प्रान्तलाई सुहाउँदो गरी बनाई राखेको छ भन्ने कुरा विनय पिटकमा उल्लेख भएको

---

१ महावग्ग चीवरक्खवन्ध

२ पाचित्तिय पालि (गण भोजन सिक्वापद)

छ । पहिले बनाई राखेको विनय नीति अनुसारले भिक्षु उपसम्पदा (दीक्षा) कर्म गर्नलाई भिक्षुहरू दशजना नभै नहुने, छाला एकपत्र भएको जुत्ता मात्र लगाउन हुने, सामान्यत पन्ध्र दिनमा एक पटक नुहाउने र छालाको बिछौनामा बस्न नहुने नियम बनाइराखेको  हो । एवं प्रकारले नियम बनाई राखेको भए तापनि महाकच्चायन स्थविरको शिष्य अवन्ति जनपदबाट आई रहेको सोण भिक्षुले आफ्ना आचार्य तरफबाट बुद्धलाई यस्तो प्रार्थना गरिरहनु भो "भन्ते अवन्ति नामको प्रान्तमा भिक्षुहरू खोज्नु मुस्किल छ, त्यस कारण त्यस प्रान्तमा उपसम्पदा कार्य गर्न भिक्षुहरूको संख्या कम भएपनि गर्नु हुन्छ भन्ने अनुमति साथै नियम बनाई दिनु भए बेस हुने थियो  । अवन्ति प्रान्तमा जमीन ज्यादै नै कडा र चुच्चो परेका कंक्रीट ढुंगा जताततै बाटामा छन, यसैले त्यहाँको निमित्त पैताला छोप्न पुग्ने दुई पत्रे छाला भएको जुत्ता लगाउन हुने नियम बनाउन बेस हुन्छ । अवन्ति प्रान्तमा जहिले पनि मानिसहरूको नुहाउँने बानी छ, यस कारण हामीलाई पनि दिनहुँ नुहाउन हुन्छ भन्ने नियम बनाइ दिनु हुनेछ । अन्यत्र ठाउँमा बस्न सुकुल बिछ्याउनको सट्टा अवन्ति प्रान्तमा बस्नेले छाला बिछ्याउने गर्दछ, यसकारण हामीलाई पनि छालाको बिछौनामा बस्न हुनछ भन्ने अनुमति दिनु हुनेछ ।"

यही मांगको अनुसार गौतम बुद्धले भिक्षुहरूलाई भेला गराई पहिले बनाइ राखेको विनय नीति अवन्ति देशलाई मात्र

होइन, मध्य देश देखि बाहिर जुनसुकै देशलाई पनि विनय धर भिक्षु सहित पाँच जना भिक्षुले उपसम्पदा कर्म गर्ने, छालाको बढता पत्र भएको जुत्ता लगाउने, इच्छा भएको बेलामा नुहाउने र बस्नेबेलामा छालाको बिछौना प्रयोग गर्ने पनि शुरू भएको थियो ।[१]

आहार पानको विषयमा बनाइराखेको कुनै कुनै नियम अकाल पर्ने बेलामा भिक्षुहरूको सुविधाको लागि परिवर्तन गरिराखेका कुरा महावग्ग पालिको भेसज्जक्खन्धमा स्पष्ट संग भनिराखेको छ । विहार भित्र खाद्यवस्तु राख्नु विहार भित्र आफैले भात पकाउने आदि हुँदैन भनी बुद्धले भिक्षुहरूलाई नियम बनाइ दिनु भएको हो । तर राजगृहमा एक पटक दुर्भिक्ष (अकाल) भएको बेलामा वहाँले बनाइ राख्नु भएको नियम फेरिदिन पऱ्यो । यो अकाल भएको बेलामा मानिसहरुले भिक्षुहरूलाई चाँवल, घिउ, तेल, नून आदि खाद्यवस्तु राख्न नहुने भएकोले भिक्षुहरूले बाहिर त्यसै राखी छोडयो । मुसा र बिरालो आदि जन्तुहरूले र खान नपाउने मानिसले चोरेर लगी हैरान गरयो । यो कुरा बुद्धले थाहा पाउने वितिकै आश्रम आदि आवासको भित्र खाद्य वस्तु राख्न हुन्छ भन्ने नियम बनाउनु भयो तर पनि भित्र भात पकाउन नहुने भएकोले बाहिरै पकाएर खान थाल्यो । बाहिर बसी खान परेकोले खान नपाउने मगन्तेहरूले गर्दा खानुमा बाधा

---

१ महावग्ग - चम्मक्खन्ध

पऱ्यो । यो कुरा पनि बुद्धले थाहा पाए र भित्रै भात पकाउन हुन्छ भन्ने अनुमति दिएर नियम बनाइ दिनु भयो । अझै पनि भात पकाउनेहरू (भान्छेहरू) ले भिक्षुहरूलाई थोरै मात्र भोजन राखी दिने, आफूले बढता खाने, उवारी राख्ने गरे । यो कुरो पनि थाहा पाएर तथागतले भिक्षुहरूले नै भात पकाएर खान हुन्छ भन्ने नियम बनाई अनुमति दिनु भयो । यस्तै अरू अरू नियम नीति अकाल भएको बेला र ठाउँ बदलेको बेलामा परिवर्तन गर्नु भयो ।

यस प्रकार आर्थिक र सामाजिक परिवर्तन अनुसार जीवन परिवर्तन गरेर लैजानु पर्ने भएकोले अवस्था र युग सुहाउँदो विनय नीति फेर्नु पर्ने कुरा विनय पिटक पढेर हेर्दा स्पष्ट हुन्छ । ❀

# बुद्ध र नारी

## बौद्ध समाजमा नारीको स्थान

भगवान बुद्धको देन मध्यमा एउटा यो पनि हो कि स्त्री जातिलाई पनि पुरूषहरूलाई झै बौद्ध समाजमा स्थान दिनु भएको छ । बौद्ध धर्मले गर्दा नारी समाजमा महान परिवर्तन भएको एउटा उल्लेखनीय मात्र होइन प्रशंसनीय कुरा पाइन्छ । यो कुरा बुझ्नलाई हामीले बुद्धकालीन पूर्व र पछि कट्टर ब्राह्मणवादलाई अङ्गिकार गरेर हिडनेहरूले लेखिएको हिन्दु ग्रन्थहरू पढी हेर्दा स्त्री जातिको व्यक्तिगत जीवन विकासको लागि कतिको बाधा दिएको छ भन्ने कुरा थाहा पाउनु सकिन्छ । आज पनि समाजमा व्यवहारैले नारी समाजलाई निम्नस्तरमा राखी शोषण गरिरहेको राम्रो संग देखिन्छ । हिन्दुहरूले खूव मानी राखेको मनुस्मृतिमा स्त्रीहरूलाई

मान्यता दिनु पर्छ भनी राखे ता पनि,जन्मै देखि मृत्युसम्म आमा-बाबु र आफ्नो पुरूषको संरक्षणमा बस्नु पर्ने, त्यस्तै कुनै बेलामा पनि आइमाईहरूलाई स्वतन्त्र बस्न दिनु हुँदैन भनेर पनि त्यसैमा भनी राखेको छ । यस्तो विचार आजसम्म पनि हिन्दु भक्तहरूको वीचमा कट्टर रूपले रहेको उनीहरूको सामाजिक ब्यवहारवाट देखा पर्दछ । त्यसैले बुद्ध कालीन भारतमा बुद्ध धर्मको प्रभाव धेरै भएको ठाउँमा आइमाईहरूले सामाजिक क्षेत्रमा स्वतन्त्र पूर्वक जीविका गरिरहेको छ भन्ने प्रमाण प्रशस्त छ । पालि त्रिपिटक नै यस्को लागि साछि छ ।

बौद्ध-परिषदमा-भिक्षु, भिक्षुणी, उपासक, उपासिका भनी स्त्री पुरूषलाई समान स्थान दिएको छ । निर्वाण साक्षात् केवल पुरूषहरूले मात्र गर्न सकिन्छ भन्ने कुरो होइन, स्त्रीहरूले पनि निर्वाण साक्षात गरेर लिएको छ । केवल पुरूषहरू मात्र नै बुद्धिमान, उनीहरूसंग मात्र कार्य कुशलता छ भन्ने कुरो होइन, स्त्रीहरूसंग पनि बुद्धि छ । बुद्ध कालीन सच्चा, लाला, पटाचार, अवतकाया, कुण्डकंसी आदि यिनीहरू सुप्रसिद्ध शास्त्रार्थ गर्ने, अरूसंग त के सारिपुत्र भन्तेसंग पनि वाद विवाद गरयो भन्ने प्रमाण छ । निम्न लिखित गाथाले त स्त्रीहरू पनि श्रेष्ठ भन्ने प्रमाणित गरेको छ–

**न सो सब्बेसु ठानेसु पुरिसो होति पण्डितो ।**
**इत्थीपि पण्डितो होति तत्थ तत्थ विचक्खणा ॥**

अर्थात् सबैठाउँमा पुरूषहरू मात्र पण्डित र विद्वान हुँदैन, कहिं स्त्रीहरू पनि पाण्डित्यापूर्ण हुन्छ ।

यस प्रकार विद्वान स्त्रीहरू भए पनि, समान स्थान दिए तापनि, भिक्षुणी भए पनि बुद्धले किन स्त्रीहरूलाई भिक्षुणी दिक्षा दिन पहिले अस्वीकार गर्नु भो तथा भिक्षुणी शासन किन परिहानि भएको भन्ने यौटा विचारणीय कुरो हो । भिक्षुणी शासन छिटै अन्त भएकोमा कसै कसैले विचारै नगरी यस्तो पनि भन्छ कि यो त स्वयं बुद्धले नै स्पष्ट रूपले भनी राख्नु भएको थियो । तर यसरी भन्नु अनुचित र नसुहाउँदो देखिन्छ । यस्का विचारणीय दुइटा कुरा छ । यौटा भिक्षुणीहरूले अनुगमन गर्नुपर्ने कडा विनय नीति हो । अर्को कुरो हो भिक्षुणी शासन सम्वन्धी संविधान ।

भिक्षुणीहरूको लागि बनाइ राखेको धेरै विनय नीतिबाट त भिक्षुहरूलाई भन्दा तल राखेर फरक देखाएको छ, यद्यपि बुद्धले आफ्नो संघमा स्त्रीहरूलाई स्थान दिएको छ साथै पुरूष समान भिक्षुणी पनि हुन सक्छे । तैपनि वास्तवमा बौद्ध सम्प्रदायको मूल तत्व स्त्रीहरूलाई पुरूष संग अलग्याई बसाउने हो जस्तो लाग्छ; किन भने बौद्ध धर्ममा त्याग र वैराग्यको स्थान मुख्य छ, भोगको होइन । हुनत तथागतले स्त्रीहरूलाई कहिल्यै निन्दा गर्नु भएन बरू बरोवर यो सल्लाह दिनु हुन्थ्यो कि मानिसहरू स्त्रीहरूको जालबाट बची रहनु पर्दछ । सम्भव छ भने स्त्रीहरूबाट टाढा भएर बस्नु वेश ।

स्त्रीहरूको बारे एक पटक बुद्धले आफ्ना प्रमुख शिष्य आनन्दलाई यसो भन्नु भएको थियो ।

आनन्दले प्रश्न गरयो– "भन्ते, स्त्रीहरूको विषयमा कस्तो प्रकारले ब्यवहार गर्नु ?"

बुद्ध – आनन्द, उनीहरू पट्टि नहेर्नु राम्रो हुन्छ ।

आनन्द – यदि उनीहरूलाई हेर्न पर्‍यो भने के गर्ने ?

बुद्ध – आनन्द ! खूव होश राखेर हिडनु पर्छ ।

यद्यपि बुद्धले यस्तो आज्ञा गर्नु भए पनि साधारण आफ्ना गृहस्थ अनुयायीहरूको लागि यस्तो उपदेश दिनु भएको छ कि "भरिया परमा सखा" आफ्नी पत्नी नै आफ्नो परम साथी सम्झनु पर्दछ । पत्नी प्रति विश्वास पनि राख्न सक्नु पर्दछ भनी संयुक्त निकायमा उल्लेख भैराखेको छ । त्यति मात्र होइन साधारण भक्तजनहरूको लागि यो पनि उपदेश दिनु भएको छ– आमा- बुबाको सेवा, पत्नी, छोरा-छोरीहरू संग शान्ति पूर्ण सहवास तथा उद्योग नै सवभन्दा ठूलो आशिर्वाद हो । यसरी विचार गरी हेर्दा भिक्षुणी एक जना भिक्षु देखि टाढा भएर बस्नु पर्ने धार्मिक परमार्थ अनुसार होइन, आचार विचार र व्यवहार अनुसारले हो जस्तो लाग्छ । भिक्षु र भिक्षुणीको बिचमा कडारूपले ब्रह्मचर्या व्रत पालन गर्ने अभिलाषा भएकोले उनीहरू दुइ ग्रुपै शुरू देखि अलग अलग वास गर्थे , त्यस्तै भिक्षुणीहरूलाई भिक्षुहरूलाई भन्दा विनय नीति, कडा रूपले बनाइएको छ । यसले

कामवासना तर्फ स्त्री जाति अलि कमजोड देखिन्छ भन्ने कुरा विचार गर्ने ठाउँ छ । हुनत ब्रह्मचर्यबाट वा पञ्च कामतिर बाट हेरेका स्त्री-पुरुष दुवै ग्रूप पनि टाढा बस्नु पर्दछ । ब्रह्मचर्या हिन्दु बौद्ध दुवै शिष्टाचारमा उच्च रूपले वर्णन गरि राखेको छ । स्त्री-पुरुष संयोगबाट अलग्गिएर बस्नु, ब्रह्म विहारले युक्त भएर बस्नु, पञ्च काम वासनाले टाढा भएर बस्नु आदि ब्रह्मचर्याको अर्थ हो । यहाँ स्त्री-पुरुष संयोग मैथुन नामले प्रसिद्ध छ । त्यो साधारण : ग्राम्य धर्म भनिन्छ अर्थात अशिक्षित गाउँलेहरूको काम भन्ने त्रिपिटकमा उल्लेख भैराखेको छ । त्यसैले त्यस्तो कामवाट अलग्ग भएर पवित्र रूपले ब्रह्मचर्या रक्षार्थ भिक्षु हुनु पर्दछ भन्ने कुरा दिर्घ निकाय "**सुभ सूत्रमा**" भनिराखेको छ । त्यसो भनेर मैथुन वा स्त्री पुरूष संयोगबाट अलग भएर बस्नलाई भिक्षु भिक्षुणी नभएकोले सक्दैन भन्ने कुरा होइन । तैपनि तत्काल ब्यवस्थानुसारले भिक्षु भिक्षुणी हुने वित्तिकै अलि स्थिर भावबाट ब्रह्मचर्या पूर्ण हुने सम्भव बढीमात्रामा देखिएको नै भिक्षु भिक्षुणी हुनु पर्दछ भनी राखेको हो । बुद्धले भन्नु भएको छ– "**नाहं भिक्खवे अञ्ञं एक रूपम्पि, सद्दंम्पि, गन्धम्पि, रसम्पि, फस्संम्पि समनुपस्सामि यं एवं पुरिसस्स चित्तं परियादाय तिट्ठति यथयिदं भिक्खवे इत्थि रूपं, इत्थिसद्दं, इत्थि गन्धं, इत्थिरसं, इत्थिफोट्टब्बो**"[१] अर्थात् संसारमा यस्तो रूप, शब्द,

१ अंगुत्तर निकाय

गन्ध, रस तथा स्पर्ष देखिन जसवाट जहिल्यै पनि पुरूषहरूको चित्तलाई आकर्षित गरिराखेको छ, जुन स्त्री रूप, स्त्री शब्द इत्यादि । केवल पुरूषको चित्त तानेर लिने स्त्रीको रूप, शब्द मात्र होइन त्यस्तै स्त्रीको चित्त तानेर लिने पनि पुरूषको रूप, शब्द आदि हो भनी तथागतले आज्ञा गर्नु भएको छ ।

**"नाहं भिक्खवे अञ्ञं एक रूपम्पि समनुपस्सामि यं एवं इत्थिया चित्तं परियादाय तिट्ठति यथयिदं भिक्खवे पुरिस रूपं** ...।"

ब्रह्मचर्याको अर्थ राम्रोसंग जान्न सक्नु नै पञ्च काम गुण अनुसारले हो । साच्चै ब्रह्मचर्या भनेको त रूप, शब्द, गन्ध रस र स्पर्ष नामको पाँच प्रकारको क्लेश कामबाट टाढा भै बस्नु हो । स्त्रीले पुरुषको रूप तिर, पुरुषले स्त्रीको रूपतिर प्रेमाशक्तिले हेर्न हुन्न; किन भने माथि लेखिए अनुसार स्त्री पुरूष रूप आदिलाई प्रमुख ठाउँ दिइराखे कै संसारमा अन्य रूप भन्दा स्त्री-पुरूषको रूप उनीहरूको चित्त आकर्षित चीज भएकोले हो ।

यस्तो कारण भएकोले मात्र बुद्धले एकैचोटी नारीहरूलाई भिक्षुणी बन्न अनुमति दिन इच्छा नगर्नु भएको हो । चूलवग्ग पालिमा भिक्खुणिक्खन्धमा देखिएको कथा यस्तो छ–

एकदिन कपिलवस्तु नगरमा महाप्रजापति गौतमीले नारीहरूलाई पनि प्रव्रजित (भिक्षुणी) हुने समानधिकार प्राप्त

हुनु पर्दछ भनी बुद्धसंग प्रार्थना गरिन् । तर वहाँले अनुमति दिनु भएन । अनि गौतमीले दोश्रो तेश्रो पटकसम्म प्रार्थना गर्दा पनि आज्ञा लिन सकेनन् । त्यसपछि गौतमी निराश भएर रूँदै गईरही । आनन्द स्थविरले देख्नु भो र गौतमी संग सोध्नु भयो– किन के भयो ? कुरा सुन्ने वित्तिकै गौतमीलाई एकछिन पर्खाइ भगवान बुद्धकहाँ गएर प्रजापति गौतमीको शोक र दुःखको सबैकुरा सुनायो । नारीहरूलाई पनि प्रव्रज्या दिने अनुमति दिनुहो भनी याचना गरयो । बुद्धले तीन पटक सम्म पनि अस्वीकार गर्नु भयो । अनि आनन्द भन्तेले अर्कै प्रकारले तर्क गरेर - भन्ते, के नारीहरूले तथागतको शासनमा प्रव्रजित भएर मार्ग फल वा निर्वाण प्राप्त गरी लिन शक्तैनन् ?

"आनन्द ! नारीहरूले पनि तथागतको संघमा भित्रेर प्रव्रजित भएर मार्गफल आदि प्राप्त गरी लिन शक्तछन् ।"

"त्यसो भए तपाईलाई पालन पोषण गरिराख्ने महाप्रजापति गौतमीलाई प्रव्रजित हुन अनुमति दिनु होस् ।"

"त्यसो भए तथागतको शासनमा प्रव्रज्या र उपसम्पदा लाभ गरेर लिनलाई गौतमीले गरू धर्म (महान शर्त) आठ वटा स्वीकार गर्नु पर्छ अनि मात्र संघमा प्रवेश हुन सक्छे ।[1]

गौतमीले त्यो आठप्रकारको गरू धर्म शिरोपर गरेकोले प्रव्रज्या र उपसम्पदा प्राप्त गरेर लिई । तैपनि

---

१ चुल्ल वग्ग, अंगुत्तर निकाय

नारीहरू पनि प्रव्रजित भएकोले बौद्ध धर्म जति रहनु पर्दथ्यो । त्यस्को आधा समय सम्म भन्दा बढता टिक्न सक्दै न भन्ने, बुद्धको विचार हो ।

त्यसो किन भएको भने बुद्ध कालीन नारीहरू अशिक्षित मात्र होइन दुर्वल जाति पनि भैरहेथ्यो । शिक्षित समुदायमा पनि नारी जाति प्रति नराम्रो दृष्टि वा गलत धारणा भइरहेको थियो । आजकाल पनि छ । तैपनि बुद्धले नारीहरूलाई समानधिकार स्वतन्त्र दिनु भएको यो महान क्रान्तिकारी कदम मात्र होइन प्रशंसनीय र सराहनीय समेत छ । अनुकरणीय त आवश्यक नै भन्दा पनि अत्युक्ती न होला । त्यसैले यो एउटा धार्मि जगतमा ऐतिहासिक स्वतन्त्रता भनेर हामीले स्वीकारगर्न सक्छौ ।

बुद्ध धर्ममा कतै कतै पति पत्निको बारे तथा उनीहरूको ब्यवहारकोलागि धेरै नियम उपनियम बनाइराखेको छ, चर्चा गरिराखेको छ, तर त्यहाँ कहि पनि यस्तो भनिराखेको छैन कि पत्नीले पतिकै मात्र आज्ञा पालन गर्नु पर्दछ । बरू पतिको निमित अवश्य आदेश दिइराखेको छ कि पतिले आफ्नी पत्नीको विश्वास पात्र हुनु पर्दछ, आफ्नी जहानको आदर गर्नु पर्दछ । पत्निको लागि पति व्रत धर्मको पालन गर्न र ब्यर्थखर्च नगर्ने शिक्षा दिइराखेको छ ।

नारीहरूलाई यस्तो पनि भनिराखेको छ कि उनीहरूले आफ्नो घरेलु कार्यमा (घरायसी धन्दा) इमान्दारी, बुद्धिमता र

उद्योग शीलता दर्शाउनु पर्दछ । अल्सी र मिचाहा भएर बस्न हुन्न ।

एकदिनको कुरो हो कोसल राजा गौतम बुद्ध कहाँ उपदेश सुन्दै हुनु हुन्थ्यो । त्यहाँ राजदरवारबाट सिपाही एकजना आएर एउटा संदेश दियो । कोसल राजाले संदेश पढी सकेपछि अँध्यारो मुख राख्यो । शीर निहुरायो । गौतम बुद्धले कोसल राजाको मुख अँध्यारो भएको किन भनेर सोध्नु भयो । कोसल राजाले चीसो सासफेरी भन्यो– भन्ते, “महारानी मल्लिका देवीवाट छोरी जन्मिन् भन्ने संदेश आयो । छोरा पाउँछ भन्ने आशा लिइराखेको थिएँ, निराश भएर शीर निहुराएको हुँ ।” अनि तथागतले आज्ञा गर्नु भो- महाराज, कुनै कुनै स्त्रीहरू पुरूष भन्दा बुद्धिमान, शीलवती, शाशु-शशुराको सेवा गर्ने तथा प्रतिव्रता हुन्छ । त्यसैले राम्रो संग पालन पोषण गर्नुहोस् । त्यति मात्र होइन आफ्नो देशको रक्षा गर्नलाई शूर वीर भएका बालकहरू स्त्रीहरूबाटै जन्मछन् । त्यस्तै अशल नारीहरूको सन्तानहरूले राम्रो संग राज्य सञ्चालन भैराख्छ, अनुशासन पालन गर्छ ।[१]

**इत्थीपि हि एकच्चिया सेय्या पोसा जनाधिप**
**मेधाविनी सीलवती सस्सु देवा पतिब्बता**
**तस्सा यो जायति पोसो सूरो होति दिसम्पति**
**तादिसा सुभगिया पुत्तो रज्जम्पि अनुस्सति ।**

---

१ संयुक्त निकाय

एवं प्रकारले सामाजिक उन्नतिको लागि आमा भन्नुपर्ने नारीजगतलाई उच्चस्थानमा राख्नु भएको कारण परम्परा देखि चलेर आएको छोरी जन्मनु नै अशुभ भन्ने मिथ्या भावना हटाउनलाई हो । छोरी जन्म्योकि आमा-बावुको र समाजको हृदय संकुचित, टाउँको दुखाई आदि बानि सुधार गर्न तथागतले नविन पाइलो चाल्नु भएको हो । छोरी जाति अवहेलीत बुद्ध कालीन भारतमा मात्र होइन बुद्ध जन्म भूमि नेपालमा पनि छ, अझसम्म पनि छँदैछ । साम्यवाद पहिले को चीनमा त छोरी जन्मले वित्तिकै कसैले नदेख्ने गरी बालिका नदीमा फाल्न लैजान्थ्यो । अब चीनमा नारी पुरूष समान छन् ।

तथागतले नारीहरूलाई पनि समाजमा समान स्थान दिनु भएकोले नारीजातिलाई निकै स्वतन्त्रता प्राप्त भयो ।

छोरा मात्र होस भनी देवताकहाँ गएर प्रार्थना गर्ने सट्टामा छोरा छोरी जे सुकै भएपनि सन्तानहोस् भनी प्रार्थना गर्ने चलन भएर आएको कुरा धम्मपद कथामा देखिन्छ ।

बौद्ध धर्म प्रचार गर्नको लागि स्त्रीहरूले जस्तो त्याग र उद्योग गरेको त्यो देख्दा आश्चर्य चकीत भएर बस्नु पर्दछ । तथागतको परिनिर्वाण भैसकेपछि दुइसय बर्ष पश्चात

सम्राट अशोकले बौद्ध धर्म प्रचारको लागि महान कार्य गर्नु भयो । वहाँले आफ्ना पुत्र-पुत्री महेन्द्र र संघमित्रा लंकामा पठाएर यौटा संस्थाको स्थापना गर्नु भो साथै भिक्षुणी संस्था पनि स्थापन गर्नु भयो ।

❀